# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



शाक्यमुनी बुद्धले प्रथम पटक धर्मचक्र प्रवर्तन गर्नुभएको पवित्र स्थान “सारनाथ” .

DHARMAKIRTI

वर्ष-२६, अङ्क-०४ बि.सं. २०६५, गुरु पुन्ही

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवयधम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमोसुखो ।



**दिवंगत बाः चन्द्र नारायण मानन्धर**

**भोछें टोल**

*जन्मदिं- १९७४ साल जेष्ठ शुक्ल अष्टमी*

*मदुगुदिं- २०६४ साल बैशाख २३ गते, चौथी*

**जिपिं सकसितं अतिकं मतिनां व्वलंका तःम्ह बाः**
**२०६४ बैशाख २३ गते ९० दंया वैशय् दिवंगत जूगुलिं वसपोल**
**सुखावती भुवने वासलाय्मा धैगु भगवान् याके**
**प्रार्थना याना च्वना ।**

भाजु मुक्ति नारायण मानन्धर – मय्जु जमल देवी मानन्धर
भाजु कृष्ण नारायण मानन्धर – मय्जु जानकी मानन्धर
व सकल छें जपिं

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक एवं विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२८
इस्वी सम्वत् २००८
बिक्रम सम्वत् २०६५

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**18th JULY 2008**

| वर्ष- २६ | अङ्क- ४ | गुरु पुन्ही | श्रावण २०६५ |
|---|---|---|---|




खराब कार्य (पाप) को फल नपाए सम्म पापीले त्यही कार्यलाई असल कार्य थान्ने गर्छ। जब यसको फल दशा र दुःखको रूपमा भोग्नु पर्ने हुन्छ, तब मात्र उसले रूँदै त्यस खराब कार्य (पाप) को पुरा परिचय पाउने गर्छ।

असल कार्य (पुण्य) को फल नपाउञ्जेल सम्म पनि यस कार्यको महत्त्वलाई बुझ्न सकेको हुन्न। तर जब यसको मीठो फल भाग्यको रूपमा भोग्न पाउने छ, तब मात्र पुण्य कार्यको पुरा परिचय हुनेछ।

अलिकति पाप कार्य गरेर के होला र भनेर न सम्झनु। एक एक थोपा गरेर पानीको गाग्री भरे झैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्ने गर्छन्।

■ सम्पादकीय ■

# धर्मचक्र प्रवर्तन

बुद्ध पूर्णिमाको दिन बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि सिद्धार्थ कुमार बुद्ध हुनुभयो । त्यसपछि उहाँले प्राप्त गर्नुभएको त्यस अमूल्य ज्ञानलाई संसारका अरू मानिसहरूले पनि बुझ्ने र सिक्ने मौका प्राप्त गरी भाग्यमानी बन्न सकुन् भन्ने मनसायले उहाँलाई झकझकाउन थाल्यो । अनि प्रश्न उठ्न थाल्यो, "कसलाई बताउने यो ज्ञान ? को सँग यो गम्भिर ज्ञान बुझ्ने क्षमता छ र ? मानिसहरू भौतिक सुख जस्तो नक्कली सुखमा रमाएर भ्रमपूर्ण जीवन बिताइर हने मात्र धेरै छन् । के उनीहरूको साधारण मगजले यो ज्ञान बुझ्न सक्छन् र ? आदि आदि ।" विचारमग्न हुनुभएका भगवान् बुद्धले आखिरमा पञ्चभद्र वर्गियहरूलाई छान्नु भयो ।

सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गर्नको लागि ६ वर्षसम्म दुस्कर चर्या (कठिन मेहनत) गर्नु भएको समयमा यी ५ जना ब्राह्मणहरू (कौण्डञ्ञ, भद्दिय, वप्प, महानाम र अस्सजित) ले सेवा गरेका थिए । त्यसबेला उनीहरू भारतको ऋषिपतन मृगदावन (हालको सार नाथ) मा रहेको कुरा उहाँले पत्ता लगाउनु भयो । त्यसैले उहाँले प्रथम पटक धर्मको चक्र घुमाउनको लागि उरूबेल (बुद्धगया) बाट सारनाथमा पुग्नुभयो ।

यसरी बुद्ध हुनुभएपछि प्रथम पटक धर्म प्रचार गर्नुभएको दिन आषाढ पूर्णिमाको दिन हो । यो अमूल्य दिनमा ती पञ्च भद्र वर्गीय ब्राह्मणहरूलाई के कस्तो अमूल्य उपदेश दिनुभएको रहेछ जसलाई धर्म चक्र प्रवर्तन भनिन्छ, सो विषयमा एकपटक हामीले ध्यान दिनु उपयुक्त देखिन्छ ।

बुद्ध भन्नुहुन्छ– मीठो खाने, राम्रो लगाउने, रसरंगमा डुबी मोजमस्ती गर्दै जीवन बिताउने अर्थात् पञ्चकाम सुख । (आँखा, नाक, कान, जीब्रो र शरीरको स्पर्श) को वसमा परी सुख सयलमा मात्र बिताउने जीवनलाई हीन, काम नलाग्ने, अशिक्षित, जीवनको रूपमा लिन सकिन्छ । किनभने खाने, सुत्ने र कामसुख भोग्ने कार्य त पशुहरूले पनि गरिरहेकै हुन्छ । यस्तो जीवन शुद्ध धर्मको बाटोबाट पृथक र अलग्ग रहेको जीवन हुनाले यस्ता व्यक्तिलाई (साधारण) पृथग्जन भनिन्छ । यस्ता व्यक्तिहरूलाई अनार्य पनि भनिन्छ । किनभने यसरी जीवन बिताउने व्यक्ति कहिले पनि आर्य बन्न सक्दैन अर्थात् कहिले पनि धर्मको मुक्ति मार्ग (श्रोतापन्न) मा पुग्न सक्दैनन् । सुखसयलमा मात्र भुल्न खोज्ने यस प्रकारको मार्गलाई एक प्रकारको अतिमार्ग वा सीमा नाघेको मार्ग भनिन्छ । यस्ता व्यक्तिले कहिले पनि आफ्नो भलो गर्न सक्दैनन् र जीवनको सही अर्थ सिद्ध गर्न सक्दैनन् । जीवनभर अनर्थलाई मात्र संगाल्न थाल्छन् ।

फेरि अर्को तर्फ संसारमा यस्ता व्यक्तिहरू पनि छन्, जसले धर्मको नाममा आफ्नो शरीरलाई सकेसम्म शारीरिक यातना दिंदै आफ्ना इच्छा विपरित कार्य गर्दै हिंड्न थाल्छन् । उदाहरणको लागि खाने इच्छा हुँदा हुँदै पनि भोक भोकै बस्ने, धर्मको नाममा एउटा हात सूर्य भगवान लाई चढाएको भन्दै हात माथि उठाएर बसी जानाजानी अपांग भएर रहने, गर्मी याममा चार दिशामा आगो बाली आफू बीचमा बसी आकासबाट सूर्यको राप तापी शरीरलाई अनाहकको दुःख दिने आदि आदि । यो पनि एक प्रकारको अति मार्ग नै हो । त्यसैले यो पनि अनर्थकारी नै हो ।

यी दुबै अतिमार्गलाई त्यागेर हामीले बीचको मार्ग (मध्यम मार्ग) लाई अपनाउनु पर्दछ, जुन मार्ग ज्ञान प्राप्त गर्नको लागि, मुक्ति (निर्वाण) प्राप्त गर्नको लागि अति महत्वपूर्ण रहेको छ ।

अब लागौं मध्यम मार्ग के हो ? मध्यम मार्गलाई आर्य अष्टाङ्गिक मार्ग पनि भनिन्छ । आठवटा आर्य अङ्ग भएको मार्ग हुनाले यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिएको हो । ती आठवटा मार्गहरू यसरी रहेका छन्–

१) सम्यक दृष्टि– आफ्नो चित्तको यथार्थ स्वभावलाई ठीक तरिकाले चिन्ने र बुझ्ने जसले गर्दा सत्यतालाई साक्षात्कार गर्न टेवा पुग्नेछ ।
२) सम्यक संकल्प– आफ्नो चित्तबाट राग, द्वेष र हिंसाभाव जस्ता कलुषित संकल्पहरू हटाई शुद्ध चिन्तनमनन एवं संकल्प गर्ने ।
३) सम्यक वाणी– झूठो कुरा नगर्ने, कडा वचन नबोल्ने, परनिन्दा, चुकली नगर्ने, नचाहिने गफ र वकवासमा नअल्झने ।
४) सम्यक कर्मान्त– हत्या, हिंसा, चोरी, व्यभिचार जस्ता शरीरले गरिने दुष्कर्महरू नगर्ने ।
५) सम्यक आजीविका– अरूलाई हानी पुग्ने खालका कामगरी धन कमाउने कार्य नगर्ने ।
६) सम्यक व्यायाम– आफूसंग भएका खराब बानी व्यवहार हटाउँदै राम्रा बानी व्यवहार प्रयोग गर्न प्रयत्नशील रहने ।
७) सम्यक स्मृति– आफ्नो चित्त र शरीरलाई ठीक तरिकाले प्रयोगमा ल्याउन सचेत रहने ।
८) सम्यक समाधि– आफ्नो चित्त र शरीरलाई गलत तरिकाले प्रगोगमा नल्याउन सजग र सचेत रहनको लागि ठीक तरिकाले चित्त एकाग्र पार्ने ।

यसरी दुई अति मार्गलाई त्यागी बीचको मध्यम मार्ग अपनाउने सल्लाह दिनुहुँदै भगवान बुद्धले धर्मचक्रको प्रमुख उपदेश यसरी बताउनु भयो; यस संसारमा चार सत्यहरू छन्–

१) दुःख छ (२) दुःखको कारण तृष्णा (३) दुःख हटाउन सकिन्छ (४) दुःख हटाउनको लागि ८ वटा मार्गहरू (आर्य अष्टाङ्गिक मार्ग) लाई अपनाउनु पर्दछ ।

यी चार सत्यहरू हाम्रा आफ्नै शरीर र मन भित्र रहेका छन् । त्यसैले सत्य ज्ञानलाई पत्ता लगाउनका लागि आफ्नो शरीर र चित्तमा हरेक क्षण उत्पन्न हुने र विनास हुँदै गरेका सत्यतालाई ध्यान दिई तटस्थभावले हेरिरहन जरुरी छ । अनित्यलाई अनित्य कै रूपमा, दुःखलाई दुःखकै रूपमा र अनात्मलाई अनात्मकै रूपमा देख्न जरूरी छ ।

भगवान बुद्धले दिनुभएको यी उपदेश सुन्दै गरेका ५ जना मध्ये कौण्डञ्ञले धर्मदिशना सुन्दा सुन्दै आफ्नो शरीर भित्र भइरहेका उत्पत्ति विनासको सत्यतालाई अनुभव गर्न थाल्यो । फलस्वरूप उनले संसारमा उत्पत्ति भएका सबै तत्त्वहरू विनाश हुँदै गइरहेको अनुभव गर्दा गर्दै सत्य धर्म प्राप्त गरी धर्मको स्रोतमा (स्रोतापन्न)मा पुग्न सफल भए । तर बाँकी अन्य साथीहरू भने स्रोतापन्न हुन सकेनन् ।

तर जे होस् आषाढ पूर्णिमाको दिन भगवान् बुद्धले घुमाउनु भएको धर्मचक्रबाट कोण्डञ्ञले लाभ उठाई विजयी बने जस्तै हामीले पनि आजको आषाढ पूर्णिमाको दिन बुद्धले सारनाथमा घुमाउनु भएको धर्मको चक्रलाई अध्ययन एवं चिन्तन मनन गरी पालन पनि गर्न सकौं र भौतिक संसारको नक्कलि सुखमा मात्र भौंतारिरहने एवं धर्मको नाममा आफ्नो शरीरलाई यातना दिने आदि जस्ता दुबै अतिमार्गलाई त्यागी धर्मचक्रको स्वाद चाख्दै आफ्नो जीवनलाई सफल पार्न सकौं । यही हाम्रो कामना रहेको छ ।



Downloaded from http://www.dhamma.digital

# अभय राजकुमार अभय नै भयो

■ सत्यनारायण गोयन्का

राजा बिम्बिसारको जीवन कालको थुप्रै घटनाहरू मध्ये एउटा यस्तो घटना छ, जसबाट उनको वात्सल्य प्रेमको भावना प्रकट गर्दछ, उनले आफ्ना सम्पूर्ण छोराहरूलाई समान रूपले माया गरेको देखिन्छ, कसैलाई भेदभाव गरेको देखिंदैन। अभय, एक वेश्याको कोखबाट जन्मेको भए तापनि उनको लालनपालन राजमहलमा अन्य राजपुत्रहरू सरह नै गरियो। अन्य राजकुमारहरू सरह नै उनलाई शिक्षा दिक्षा दिइयो। रणकौशलको विद्यामा पनि निपुर्ण बनाइयो। अन्य राजकुमारहरू सरह नै ऊ पनि शुर-वीर र पराक्रमी थिए, शैन्य सञ्चालन गर्नमा पनि कौशल थिए।

एक पटक मगध इलाकामा आन्दोलन भएको थियो। आन्दोलन दमन गर्नको लागि सेनाको साथमा राजकुमार अभयलाई पठाइयो। राजा बिम्बिसारलाई आफ्नो पुत्र अभयको योग्यता माथि पूर्ण विश्वास थियो। अभयले यस विश्वासलाई सही सावित गऱ्यो, सकुशल पूर्वक विद्रोहीहरूलाई दमन गऱ्यो र विजयी भएर फर्क्यो। यस कुराले राजा बिम्बिसारको प्रसन्नताको ठेगाना रहेन। यस अवसरामा उसलाई उचित पारितोषिक दिन चाह्यो। जवान छोरालाई उचित पारितोषिक के हुन सक्छ र ? बिम्बिसारलाई आफ्नो युवा अवस्था सम्झना आयो। ती दिनहरूमा उनको कामतृष्णा कत्तिको उन्मत्त थियो। अभयलाई पनि यस युवा अवस्थामा कामतृष्णा चढेकै होला। यसको पूर्तिको लागि बिम्बिसारले अभयलाई नगरको एउटी अति सुन्दरी नर्तकी उपहार दिए। केवल यतिले मात्र सन्तोष लागेन। "मेरो यो छोरा वेश्याको कोखबाट जन्मेको हो। मैले अरू राजकुमार सरह व्यवहार गरेतापनि वंश परम्पराको नियम अनुसार कुनै हालतमा यसले राज्य अधिकार भोग्न पाउने छैन। अत: केही समयको लागि भए पनि उसलाई राज्य सत्ताको रसस्वाद चखाऊँ, राज्य सत्ता सुम्पिदिउँ। मेरो प्यारो छोरोले सात दिनसम्म राज्य सुख भोगुन्।" यस वात्सल्य भावले अभयलाई एक हप्ताको लागि राज्य सिंहासन सुम्पिदियो। विपुल राज्य सम्पत्तिको अतुल वैभव राजकुमारको हातमा भयो। अभयले सातदिनसम्म त्यसको भरपुर उपभोग गऱ्यो। सातदिसम्म राज महलमा रागरंगमा बितायो, सातदिनको कामभोगले वासना शान्त भएन झन प्रवल भयो। आठौं दिन नर्तकी साथमा लिएर राजमहल बाहिर आयो र कामक्रीडाको लागि नदीको किनारा लग्यो।

नदीमा स्नान गरे पछि दुवै पुन: आमोद-प्रमोदमा रम्न थाले। नर्तकीको कामोत्तेजक नृत्यले अभयलाई मोहित बनाइदियो। नर्तकी खुल्ला आकाश मुनि नदिको किनारामा नाचिरहिन् अभय उनलाई एकोहोरो भएर हेरिरह्यो। एकाएक नर्तकीको पेटमा वायुविकार उत्पन्न भयो। वेदना असह्य भएकोले नृत्यको गति शिथिल हुँदै गयो र उनी पेट मिच्दै त्यहिं बस्न पुगिन्। मोहविमुदित अभयले ठाने कि यो पनि नृत्य भावको कुनै अंग होला, तर हेर्दा हेर्दै नर्तकी त्यहीं ढल्न पुगिन्। अभयलाई होश आयो। त्यतिबेलासम्म त उसको प्राण उडिसकेको थियो। निश्चल, निर्जीव लाश धरतीमा त्यसै परिरहेको थियो।

अभय कुमारलाई ठूलो धक्का लाग्यो। त्यस्तो हृष्टपुष्ट शरीर क्षणभरमा नै काठ झैं निर्जीव हुन पुग्यो। केहि मिनेट अघिसम्म कामोत्तेजना जगाउने नर्तकी, अब यसरी निश्चल हुन पुगे। अभिनय कलामा परिपूर्ण नृत्यांगना कसरी पत्थर जस्तो हुन गयो ? आँखा खोलेको खोल्यै, झिमिक्क सम्म गरेन। सदा मुस्कुराइरहने त्यो हँसिलो मुखारविन्दमा कालले पीडाको गहिरो छाप लगाई दियो। अभयको लागि यो दृश्य असह्य भयो। उसको मनमा यस कुराले धेरै ठूलो पश्चाताप भयो कि विद्रोहीहरूको त्यत्रो ठूलो समूहलाई परास्त्र गरी आफ्नो एक एक सेनालाई सकुशल बचाएर ल्याउनमा सफल भएका महापराक्रमी अभयले आफ्नो प्राणचन्दा प्यारी प्रियसीलाई कालको मुखबाट बचाउन सकेन। प्रियतमको विछोड र यसलाई बचाउन नसकेको पश्चाताप यी दुई कुराले राजकुमार शोक विव्हल हुन पुग्यो। उसको दु:ख प्रतिक्षण बढ्दै गइरहेको थियो।

यस्तो गहिरो दु:खबाट उसलाई कसले छुट्कारा दिन्छ ? उसको हृदयमा लागेको घाउ कसले भरिदिन्छ ? राजकुमारलाई एकाएक भगवान् बुद्धको याद आउँछ। त्यस महाकारुणीकको प्रज्ञाले युक्त वाणी उसले बारंबार सुनेको थियो। यद्दपि भगवानले बताउनु भएको साधना मार्गको अनुसरण उसले कहिल्यै गरेको थिएन। परन्तु उहाँको अमृत वाणीमा सद्धर्मको अद्भुत विश्लेषण उसले अनेक पटक सुनेको थियो। त्यसैले ऊ निर्धक्क भयो। उसलाई पूरा विश्वास भयो कि त्यो महापुरुष साँच्चै नै शुद्ध रहेछ, बुद्ध रहेछ, मुक्त रहेछ सर्वज्ञ रहेछ। उहाँले सबै दु:खको मूल कारण जानेको छ, त्यसको निवारण जानेको छ, उहाँ स्वयं दु:ख मुक्त हुनुहुन्छ, अरूलाई दु:ख मुक्तिको साधना सिकाउनु हुन्छ। उहाँले पक्कै पनि यस असह्य दु:खबाट छुटकारा दिलाउन सक्नुहुन्छ।

व्यथा विह्वल, आत्तुर कात्तर राजकुमार भगवानको शरणमा गयो। भगवानले उसको शोकसंतप्त मनोदशा

देखेर करुणा अमृत युक्त वाणीले सिंचित गरी संतापित हृदय शीतल बनाइदिनु भयो ।

भगवान्‌ले सम्झाउनुभयो "राजकुमार ! कल्पौं कल्पदेखिको तिम्रो अनगिनित जन्ममा यी यस्ता अनगिनित प्रेमिकाहरूसँग तिम्रो वियोग भैसकेको छ । यी सारा वियोगहरूमा तिमीले जुन आँसु वहायौ त्यसको कुनै मापदण्ड छैन । भविष्यको अनगिनित जीवनमा पनि यस्तै प्रकारले प्रिय-वियोग हुने नै छ तिमी यसबाट मुक्त भएको छैनौ । अत: यो रोदन कति मूर्खतापूर्ण छ आखिर तिमी कसको लागि रोइरहेका छौ ?

अभयले बुझ्दै गयो । साँच्चै म कसका लागि रोइरहेको छुँ ? आठ दिन अगाडिसम्म मैले यो केटीलाई चिनेकोसम्म थिइन । त्यसको अनुहारसम्म देखेको थिइन । यसको नामसम्म सुनेको थिएन । यो रोदन त वास्तवमा आफ्नो आसक्ति हो । जुन प्यारो मानिलियो त्यसै प्रति आसक्त भयो । त्यस प्रति चिपकाव उत्पन्न गर्‍यो । विछोड भयो त व्याकुल भयो । जसलाई कुनै आसक्ति छैन, विछोड नै भएपनि व्याकुलता कसरी हुन्छ ? यस व्याकुलताको कारण प्रिय प्रतिको तृष्णा युक्त आसक्ति नै हो । जो अनित्य छ, ढिलो चाँदो समाप्त हुनेवाला नै छन्‌ । त्यस प्रतिको आसक्ति नै दु:खको जननी हुन जान्छ । अनित्य त सबै छन्‌ । ढिलो चाँडो एकदिन कालको मुखमा सबै पर्छ नै । कसैले कसैलाई बचाउन सक्दैन्‌ ।

भगवान्‌ले उसको मनस्थितिमा सुधार आएको देख्नु भयो प्रज्ञाले भरपुर वाणीले भन्नु भयो "शोकमा डुब्नु अबुझ हो । तिमी यसबाट बाहिर निस्किनु पर्छ ।"

**एत्थ पस्सथ इमं लोकं चित्तं राजरथूपमं ।**
**यत्थ वाला विसीदन्ति नत्थि सङ्गो विजानतं ॥**

यस लोकलाई हेर, यो रंगी विरंगी राजरथ समान राम्रो देखिन्छ । समयको अन्तरालमा जसरी सजाइएको रथ जीर्ण हुन पुग्छ, त्यस्तै यो लोक पनि जिर्ण भई नष्ट हुन जान्छ । मूर्खहरू मात्र यस्तो भएको देखेर व्याकुल हुन्छन्‌ । समझदार व्यक्तिहरू यस्ता कुराहरू प्रति आसक्त हुँदैनन्‌ र व्याकुल पनि हुँदैनन्‌ ।

अभय राजकुमारले कहिल्यै विपश्यना साधनाको अभ्यास गरेको थिएन । यसवेलासम्म त भगवानको प्रज्ञा युक्त वाणीले बौद्धिक स्तरमा मात्र प्रभाव परेको थियो । धर्मको यसरी वैज्ञानिक विश्लेषण गर्ने शक्ति अरू कोही भेटाएको थिएन । उनको प्रति असीम श्रद्धा उत्पन्न भएको थियो । उनको धर्मवाणीले धेरै नै आसक्त भएको थियो । दु:खको यस क्षणमा शरण आएको मात्र थियो तर उसको पुण्य उदय भयो । अनेक जन्मदेखिको पारमिताहरूको संग्रहले बल प्रदान गर्‍यो । जसै जसै भगवानको वाणी सुन्दै गयो त्यसै त्यसै मन शान्त भएर गयो, समाहित भएर गयो र आफू भित्र यथाभूत सत्यको अनुभूति गर्दै गयो । स्वत: विपश्यना हुन थाल्यो । आफू भित्र सम्वेदनाको प्रत्यक्ष अनुभूति हुन थाल्यो । सर्वत्र उदय-व्यय, उदय- व्यय मात्र । सारा शरीरमा अनित्य वोधको धारा बहन थाल्यो र मन अनित्य बोधको साथ साथै समतामा स्थित भएर गयो । केही समय पश्चात शरीर र चित्तको अनित्यको सारा क्षेत्र एकएक विलाएर गयो र त्यो भन्दा माथिको नित्य, शाश्वत, ध्रुव परम सत्य अवस्थाको केही क्षणको लागि साक्षात्कार भयो । अभय मुक्तिको मार्गमा प्रविष्ट भयो । स्रोतापन्न भयो । अब उसको श्रद्धा केवल बुद्धिको स्तरमा मात्र भएन त्यो अनुभवको स्तर हुन पुग्यो ।

यसको धेरै समय पछि जब महाराज बिम्बिसारको देहान्त भयो, उसको मनमा गहिरो धर्म संवेग जाग्यो । उ दरवार त्यागेर प्रवजित भई, "तालाच्छिग्गलूपम" सुत्रको धर्मदेशना सुनेर नजीकैको वनप्रदेशमा गएर एकान्त अन्तर तप गर्न थाल्यो । उसको आफ्नो पुरानो पारमिताको बल प्राप्त भयो र भित्र भित्र अनित्य-वोध स्पष्ट स्पष्ट अनुभूति हुन थाल्यो । सूक्ष्म अवस्थाबाट यात्रा गर्दै, नितान्त समता भावमा स्थित भइ, आफ्नो पूर्व संचित कर्महरूको जरा उखेल्दै लग्यो । यस प्रकार कर्मवन्धनहरूलाई उखेल्दै उखेल्दै एक पछि अर्को फल समापत्तिहरू प्रवेश गर्दै अर्हत अवस्थासम्म पुग्यो । उसको भवचक्र समाप्त भयो । ऊ नितान्त दु:ख विमुक्त भयो ।

उसले प्रत्यवेक्षण गर्‍यो । भगवानको सम्पर्कमा आएको समयदेखि परम मुक्त अवस्था प्राप्त भएको समयको कल्याणकारी अनुभूतिहरूको पुनरावलोकन गर्‍यो । तब यो हर्षको उद्‌गार प्रकट भयो ।

**सुत्वा सुभासितं वाचं बुद्धस्सादिच्चवन्धुनो ।**
**पच्चब्याधिं हि निपुणं वालग्गं उसुना यथा ॥**

जुन प्रकारले एक कुशल धनुर्धर आफ्नो सूक्ष्म वाणले रौंको टुप्पोलाई सात पटक अचूक चिरफार गर्नमा निपूर्ण हुन्छ, त्यहि प्रकारले आदित्यमित्र भगवानको आर्यसत्यलाई चिरफार गर्ने वाणी मैले सुनें ।

अभय राजकुमारको भाग्य उदय भयो । त्यो धर्मवाणीबाट प्रेरित भएर, चिरफार गर्न सक्ने प्रज्ञा आफू भित्र जगाएर अविद्याको आवरण भेदन गरी परम निरोध अवस्थाको साक्षात्कार गर्न सफल भयो । भवभयबाट मुक्त भइ, सही अर्थमा अभयी भयो ।

साधकहरू ! आऊ हामीपनि दुगुणा उत्साह बढाइ धर्ममार्गमा अगाडि बढी परम अभय अवस्था प्राप्त गरौं र आफ्नो कल्याण साधौं । *(साभार- आषाढ २०५३, वर्ष-१२, अङ्क-३)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद-२११

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविय'*

**तं पुत्तपसुसम्मत्तं - ब्यासत्तमनसं नरं**
**सुत्तं गामं महोघो'व - मच्चु आदाय गच्छति।**

*अर्थ-* पुत्र धन र पशु धनमा आशक्त भएर बस्ने व्यक्तिलाई मृत्युले त्यसरी नै लान्छ जसरी सुतेर बसेका ग्रामवासीलाई बाढीले बगाएर लान्छ।

*घटना-* उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु हुँदा किसा गौतमीको कारणमा बताउनु भएको थियो।

किसा गौतमी आफ्नो एक्लो छोरो मरेपछि पागल जस्तै भएर रूँदै विलाप गर्दै भगवान् बुद्धकहाँसम्म आई पुगेकी थिइन्। तिनलाई बुद्धले कोही एकजना पनि नमरेको घरबाट एक मुट्ठि सरसों लिएर आउनु मैले तिम्रो छोरालाई जीवित पारीदिन्छु भनेर पठाइदिनु भएको थियो। किसा गौतमीले सारा शहर घुमेर एउटा पनि त्यस्तो घर भेट्टाउन सकिनन् जहाँ कहिल्यै कोही नमरेको होस्। थकित भएर आएकी किसा गौतमीलाई भगवान् बुद्धले भन्नुभयो- "हे किसा गौतमी! के तिमीले मैले भनेको जस्तो सरसों पायौ?"

उसले भनिन्- "मैले एउटा घर पनि भेट्टाइन जहाँ कहिल्यै कोही नमरेको होस्।"

तब बुद्धले भन्नुभयो- "तिमीले भनी ठान्यौ कि तिम्रै छोरा मात्र मऱ्यो। यो मर्नु, बुढापा आउनु भनेको मानिसको जीवनमा नभई नछोड्ने ध्रुव धर्म हो। निश्चय रूपले अवश्यमेव हुने धर्म हो। सबै सत्व प्राणीको आ-आफ्नो इच्छा पूर्ण नहुँदै महान ठूली बाढी आउने बेला झैं चार अपाय गति रूपी समुद्रमा खसाली दिन्छ।" यसरी धर्म देशना दिएर तथागतले उपरोक्त गाथा भन्नु भयो।

धर्म देशनाले अन्त्यमा किसा गौतमी श्रोतापत्ति फलमा प्रतिष्ठित भईन्। ■

| धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना | | |
|---|---|---|
| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
| २०६५/२/२९ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/३/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/३/४ | धम्मवती गुरुमं | धम्मवती गुरुमां |
| २०६५/३/१२ | पञ्ञावती गुरमां | पञ्ञावती गुरुमां |
| २०६५/३/१९ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |

# सारिपुत्र महास्थविर

■ अनुप मुनीकार, १४ वर्ष
*(जगत सुन्दर ब्वनेकुथि)*

सारिपुत्रको जन्म रूपसारि भन्ने ब्राह्मणीको कोखबाट मगध देशको नालक गाउँमा भएको थियो। उनको गृहस्थी जीवनको नाम उपतिस्स थियो। कोलित भन्ने ब्राह्मण उनको बालक कालदेखिको साथी थिए।

एक दिन सभामा जाँदा उनले यस्तो विचार गरे "सय वर्ष नपुग्दै यहाँका सबै मानिसहरू मरिसक्ने छन्।" पछि उनी कोलितसँग मोक्ष धर्मको खोजमा लाग्दा सञ्जय परिव्राजकलाई भेटे। उनीबाट चाहे अनुसारको ज्ञान नपाएकोले जसले पहिले मोक्ष धर्म प्राप्त गर्छ उसले अर्कोलाई भन्नुपर्छ भन्ने वाचा गरि दुवैजना आ-आफ्नो बाटो लागे।

उपतिस्सले एकदिन अस्सजि स्थविरलाई भेटे र उपदेश सुनेर श्रोतापन्न भए। अनि बुद्ध कहाँ कोलित र सञ्जयका २५० शिष्य सहित गई प्रव्रजित भए। सारिपुत्रको उपाध्याय अस्सजि स्थविर बने। भिक्षु भएपछि उनी सारीपुत्रको नामबाट प्रख्यात भए। उनमा धेरै विशेषताहरू छन्। ती हुन्-

१. चार आर्य सत्यको व्याख्या गर्न सक्ने
२. करूणा र सहनशीलसम्पन्न
३. भाँडोमा पानी भर्ने
४. ओछ्यान मिलाउने
५. विहारको सफाइ र रक्षा गर्ने
६. रोगीको सेवा गर्ने

उनी राहुलको उपाध्याय पनि थिए। एक दिन बिम्बादेवीको पेट दुख्दा राहुलले उनीसँग मद्दत माग्यो। उनले राजा प्रसेनजितकहाँबाट आँपको रस र सख्खर ल्याएर खुवाएपछि पेट दुखेको निको भएको थियो।

उनी आफ्नो निर्वाण हुने समय पुगेपछि आफ्नो मातृभूमिमा फर्कि आमाको उपकार गर्न आए। उनी घर पुग्दा उनको आमाले भने "जवान भएसम्म एताउता घुमिरह्यो बुढेसकालमा घर फर्क्यो" सारिपुत्रको अन्तिम अवस्था पुगेकोले ब्रह्मा, महाब्रह्मा र अरू देवताहरू उनको सेवा गर्न आए। भोलिपल्ट उनको आमाले राती आउने देवताहरू भन्दा आफ्नो छोरा माथि रहेको कुरा बुझे। अनि छोराको उपदेश सुनी श्रोतापन्न भए। त्यसपछि सारीपुत्र चतुर्थ ध्यानमा बसे र निर्वाण भए। उनको धातु चन्दमहास्थविरले भगवान् बुद्धलाई देखाउँदा सारिपुत्र एक अग्रश्रावक हुन् भने। यसरी उनले बुद्धशासनमा ठूलो भूमिका निभाउनु भयो।

*(नोट- "भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्मोत्सवको उपलक्ष्यमा संचालित लेखन कला प्रतियोगितामा प्रथम हुन सफल लेख।"*

# शुभकामना तथा योग कार्यक्रमको अनुभव

■ लक्ष्मीहीरा तुलाधर

धमकीर्ति विहारका संस्थापिका अध्यक्ष, शानधज धम्माचरिय अग्ग महा गन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांको ७४ औं शुभजन्मोत्सवको शुभ अवसरमा म आन्तरिक हृदय देखि वहाँको दिर्घायु तथा सुस्वाथ्यको कामना गर्दछु।

धम्मवती गुरुमां बौद्ध धर्म क्षेत्रमा एक साहसी बहादुरी मेहनती, प्रभावशाली तथा बुद्धधर्म उत्थान गर्न जीवननै अर्पण गर्न सक्ने वीर नारी हुनुहुन्छ। सानै उमेर देखि बुद्ध धर्म सम्बन्धी विषय पढ्न अति उत्सुक हुने बालिका उहाँ हुनुहुन्थ्यो। यसै कारणले खूब दृढताकासाथ अति कठोर परिश्रम र मेहनत गरी म्यानमार पुगी अभिधर्म अध्ययन गरी नेपालबाट सर्व प्रथम उतीर्ण हुन सफल भइन्।

उनी साँच्चैनै नेपाल आमाकी असल तथा म्मतामयी सुपुत्री हुनुहुन्छ। आफ्नो अध्ययन सके पछि वहाँ आफ्नो देश नेपालमा फर्किन्। बुद्ध जन्मेको देशमा बुद्ध धर्म प्रचार प्रसार गरेर बुद्ध धर्मको उत्थान गर्नु वहाँको परम धर्म तथा कर्त्तब्य हो भन्ने कुराले वहाँको दिलमा जड गाडेको रहेछ।

त्यसबेला नेपालमा भरखर भरखर प्रजातन्त्र उदय भएको थियो। राणा शासनको अन्त भएपनि वातावरण त्यतिको बदलेको थिएन। धर्म स्वतन्त्र त्यति भएको थिएन। बौद्ध धर्मालम्बी भनाउँदाहरू पनि केवल पूजाको थालमा या धक्की भित्र मात्रै सीमित थिए। बुद्ध धर्मको अर्थ के हो, अथवा थेरवाद बुद्ध धर्म को ज्ञान एकदमै कम थियो। यस्तो अवस्थामा वहाँ नेपालमा फर्केर बुद्ध धर्म प्रचार प्रसार गर्नमा लाग्नु भयो। त्यस बेला वहाँलाई कुनै कुराको पनि सुविधा थिएन। तर वहाँ कति पनि डराइनन्, हतोत्साह भइनन्। आफ्नो लक्ष्यमा लम्कीनै रहिन्।

वहाँले साना बालबालिका देखि लिएर बुढा बुढीहरूलाई समेत प्रौढ शिक्षा दिई पढ्न सिकाइन्। समय समयमा बुद्ध पूजा गराउँदथिइन्। बौद्ध ग्रन्थका कथा सुनाउँथिन्। उपासक उपासिका तथा बालबच्चा जो सुकैलाई पनि आफ्नो बोलिबाट प्रभावित पार्न सक्ने एक अनौठो प्रभावशालि शक्ति वहाँमा छ। यो वहाँको प्रशंसनीय शक्ति हो। यहि शक्तिबाट वहाँको प्रवचन सुन्नेहरू सबैले सजिलै सँग बुद्ध धर्म भनेको के हो भन्ने कुरा बुझेर आफू लागि रहेको अन्धविश्वासको बाटो छोडेर पञ्चशील पालन गर्न थाल्छन्। यसरी बौद्धमार्गी भएर पनि बौद्ध धर्मको ज्ञान नबुझी अन्धविश्वासमा अल्मली के ठिक र के बेठिक छुट्याउन नसकि आफ्नो मतलब साध्य गर्न कहिले यता कहिले उता भौतारिन्दै कागको पछि पछि दुगने धर्मको नाममा प्राणी हिंसा गरि आफ्नो मतलब साध्य गर्ने बानीमा संस्कारलाई विस्तारै सम्झाई बुझाई नराम्रो संस्कारलाई हटाउन कोशिस गर्दै गईन्। फल स्वरूप वहाँ यस काममा सफल हुँदै आइन्।

यो उहाँको साहसी कामको द्योतक हो। यति मात्र होइन बुद्ध धर्मको प्रचार प्रसारको सिलसिलामा वहाँले बिहारमा नि:शुल्क स्वास्थ क्लिनिक खोली बिरामीहरूको सेवा, हरेक वर्ष रक्तदान कार्यक्रम चलाई Blood Bank मा रक्त प्रदान गर्ने, विहारमा बुद्धपूजा निरन्तर चलाई रहने कार्यक्रम, त्यस्तै नेपालको पुराना पुराना जीर्ण अवस्थामा पुगिरहेको मन्दिरहरू जीर्णोद्धार गर्ने जस्तो पूण्य कार्य, बौद्ध तीर्थस्थल यात्रा चलाउने तथा अन्तराष्ट्रिय बौद्ध देश जस्तो श्रीलंका, म्यानमार, सिंगापुर, थाईलाण्ड, टाईवान जस्ता देश घुमाउने कार्यक्रम पनि चलाउनु भई उपासक उपासिकाहरूलाई बौद्ध तीर्थस्थलको साथै देश विदेश घुम्न मौका दिनुभयो र त्यहाँका मानिसहरूका अतिथि सत्कार गर्ने तरिका र त्याग भावना कस्तो हुँदो रहेछ भन्ने कुरा हेरेर सिक्ने मौका दिनु भयो। यो पनि वहाँको एक किसिम सेवा र बौद्ध धर्म प्रचार प्रसार गर्ने एक माध्यम हो।

यति मात्र नभइकन वहाँको सबभन्दा प्रशंसनीय शाहसी, बहादुरी कामको द्योतक लुम्बिनीमा बनेको एकमात्र नेपालको विहार धेरै अन्तराष्ट्रिय विहारहरूको विचमा नेपालको एक मात्र विहार लुम्बिनीमा बन्यो। नेपाल आमाकी सुपुत्री भिक्षुणी धम्मवती गुरुमां एक सहासी, त्यागी, स्वच्छ हृदय, सेवाको भावना, लोभ लालच, विहिन स्वाबलम्बी अरूको दु:ख बुझ्न सकिने, देश तथा धर्मको विकासमा आफ्नो जीवन अर्पण गर्न सक्ने हुनुहुन्छ। यस्तो नेता आज हामीलाई खाँचो छ। तर आज हामीले यस्को विपरीत स्वभाव भएको लोभ लालच, मतलबी स्वभावले भरीपूर्ण स्वभावको नेतालाई पाई रहेका छौं। फलस्वरूप शान्तीको नाममा अशान्ती पाईरहेका छौं। शान्ती कहिले आउने देशमा अनिश्चित छ। यस्तो नेताहरूले पनि धम्मवती गुरुमांबाट बुद्धको उपदेश सुन्नु नितान्त जरुरी छ।

आज गुरु पूर्णिमाको दिन श्रद्धेय गुरुमांको ७४ औं वर्षको जन्मदिन। विहारमा विभिन्न कार्यक्रम आयोजना गरि जन्मोत्सव मनाउँदै छौं।

यसै सिलसिलामा यस विहारमा दिब्य ज्योति समूह नेपालले पनि वहाँको ७४ औं जन्मोत्सवको शुभ अवसरमा वहाँको सुस्वास्थ र दिर्घायुको कामना सहित सप्ताह व्यापि नि:शुल्क योग ध्यान शिविर कार्यक्रम आयोजना गरियो। यो अति प्रशंसनीय कार्य हो।

डा. गोपाल प्रधान यस संस्थाका संस्थापक अध्यक्ष हुनुहुन्छ। वहाँ अति सरल तथा मिलनसार स्वभाव भएको सेवा तथा श्रद्धा भावले भरिपूर्ण दिल भएको व्यक्ति हुनुहुन्छ। वहाँले यस धर्मकीर्ति विहारमा धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा यो कार्यक्रम चलाउनु भनेको नै वहाँको बुद्ध धर्म प्रतिको ठूलो श्रद्धा हो। मानव प्रति उठेको सेवाको भाव हो। बुद्धधर्मको संस्कार भएको व्यक्ति हो। यसै कारणले



Downloaded from http://www.dhamma.digital

त वहाँ तथा वहाँका सदस्य साथीहरू सबै विहान सवेरै आफ्नो मिठो निन्द्रालाई त्यागि झम झम पानीमा भिजि भिजि स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गरि अति हँसिलो मुहारमा खुसी हुन्दै विहारमा एक हप्ता सम्म पुगे। आजको जमाना पैसाका जमाना। पैसा नपाई कोही केही काम गर्न मान्दैनन्। तर वहाँहरू यहाँ पैसा कमाउन आएका होइनन्। सेवा गर्न आएका साँच्चैनै सेवा। यसैकारणले होला सबै सदस्यहरू अति हँसिलो मुहारमा।

हुन त डा. गोपाल प्रधान एक हँसिलो मुहार, लचिलो स्वभाव तथा सरल व्यक्ति हुनुहुन्छ। वहाँले चलाउनु भएको यस कार्यक्रममा मलाई पनि भाग लिने शौभाग्य प्राप्त भयो।

कार्यक्रमको पहिलो दिन म विहान ५:१५ बजे पुगें। त्यसबेला यस संस्थाका संस्थापक अध्यक्ष डा. गोपाल प्रधान लगायत सम्पूर्ण सदस्यहरू त्यहाँ पुगेर आफ्नो कार्य सम्हालि सकेका रहेछन्। मलाई कसैले नाम दर्ता गरि दिए त कसैले फोटो खिच्ने काम गरियो।

बिहान ठिक ५:३० बने धम्मवती गुरुमांबाट शील प्रार्थना गराउनु भई कार्यक्रम शुरू गर्नु भयो। त्यस पछि अध्यक्षज्यूबाट स्वागत भाषण भयो। स्वागत भाषणमा वहाँले विहारका संस्थापिका अध्यक्ष शासनध्वज धम्मचारिय अग्ग महाग्रन्थ वाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांको ७४ औं जन्मोत्सवको शुभ अवसरमा यस कार्यक्रम मनाउन पाएकोमा आफू स्वयं तथा सम्पूर्ण सदस्य साथीहरू अति खुसी तथा गौरवान्वीत भई वहाँ गुरुमांको तथा उपस्थित सम्पूर्ण अरू गुरुमांहरू र कार्यक्रममा उपस्थित भएका योगा तथा योगीहरू लाई स्वागत गर्नुभयो।

डा. प्रधान अति प्रसन्न मुद्रामा हुनुहुन्थ्यो साँच्चैनै आन्तरिक दिल देखि सेवाको भावना बोकि आफूमा भएको केही असल गुणहरू, ज्ञानहरू अरूलाई बाँडुँ भन्ने भावना बोकि, आउनु भएको हो भन्ने कुरा वहाँको अनुहारमा झल्कि रहेको मैले पाँए। वहाँ मात्रै होइन वहाँका साथमा आउनु भएका वहाँका सबै साथी समूहको अनुहारमा पनि यस्तै प्रसन्नता झल्किरहेछ। कति निस्वार्थ भावना वहाँहरूमा। कस्तो सेवा धर्ममा कार्यशील वहाँहरू।

स्वागत भाषण पछि डा. प्रधान योगको नीति नियमको बारेमा प्रवचन गर्नु भयो। त्यसपछि योग कक्षा शुरू भयो।

डा. प्रधान योग शास्त्रमा निपुण भएको एक व्यक्ति हुनु हुँदो रहेछ। किनकि मैले वहाँलाई पहिले चिनेको थिइन। वहाँको योग सिकाउने लक्ष साह्रैनै प्रशंसनीय छ। वहाँ एकदमै रमाईलो वातावरण श्रृजना गरी हँसाई हँसाई सिकाउनु हुन्छ ताकि हामीलाई समय बितेको पत्तोनै हुन्दैन। रमाईलो, खुबै रमाइलो। बिर्सिन नसक्ने।

बिहान ५:३० देखि शुरू भई ६:३० अन्त हुन्थ्यो। वहाँले धेरै तरिकाको योग शिक्षा दिनु भयो। हामीले स्वस्थ जीवन बिताउनको लागि कस्तो किसिमको खानेकुरा खानु पर्दछ भन्ने कुराको पनि शिक्षा दिनुभयो। यो शिक्षा हामीलाई अतिनै उपयोगी तथा फलदायक छ।

अन्तमा वहाँले केही मिनेट योगध्यान गराउनु हुन्छ। यसबेला वहाँले क्यासेट बजाएर एउटा धुन बनाउँदा मलाई एक किसिमको अनौठो आनन्द अनुभव भयो। जुन अनुभवलाई म शब्दबाट व्यक्त गर्न सक्दिन। अथवा त्यो अनुभवको शब्द मलाई थाहा छैन। यस्तो किसिमको अनुभव मलाई ध्यान भरिनै भयो। म अति आनन्दित भएँ।

यस्तै गरि हामी कार्यक्रमको अन्तिम दिनमा पुग्यौं। कति चाँडो आएको यो दिन जस्तो मलाई लाग्यो किनकि अतिनै रमाइला र फलदायक कार्यक्रम थियो यी दिनहरू।

यो अन्तिम दिनमा डा. गोपाल प्रधानज्यूबाट श्रद्धेय धम्मवती गुरुमांलाई ७४ औं जन्मोत्सवको उपलक्ष्यमा सुस्वास्थ र दिर्घायुको कामना गर्दै खादा ओदाई उपहार स्वरूप सम्मानपत्र चढाउनु भयो। यतिमात्र होइन दिव्य ज्योति समूहका सम्पूर्ण सदस्य महानुभावहरूले पनि गुरुमांलाई खाडा ओदाई दिर्घायु तथा सुस्वास्थको कामना गर्नु भयो।

डा. प्रधानज्यूबाट समूहका सम्पूर्ण सदस्यहरूलाई दोसल्ला ओदाई प्रेम चिनो उपहार दिनु भयो। कार्यक्रममा भाग लिने सम्पूर्ण योगीहरूलाई पनि प्रमाण पत्र वितरण गर्नु भयो। जस्ले गर्दा सबै योगीहरू खुसिले गडगड भएका छन्। यो वहाँहरूको अति स्मरणीय र प्रशंसनीय कार्य हो। हामी वहाँलाई यस्तो किसिम कार्य सदा सदा गर्न सक्ने प्रेरणा मिलोस् भनी श्री भगवान् बुद्ध समक्ष प्रार्थना गर्दछौं।

श्रद्धेय धम्मवती गुरुमांले पनि डा. गोपाल प्रधानज्यूलाई आफ्नो जन्मोत्सवको उपलक्ष्यमा यसरी योग कार्यक्रमको आयोजना गरी जन्मोत्सव मनाई दिएकोमा वहाँ तथा वहाँका सबै सदस्य साथीहरूलाई धन्यवाद दिदैं दिर्घायु तथा सुस्वास्थको कामना गरी गुरुमांले आर्शिवाद दिनु भयो।

वहाँहरूको यस स्मरणीय कार्यको लागि उपहार स्वरूप डा. प्रधानलाई बुद्धमूर्ति दिनु भयो। साथै अरू सदस्य साथीहरूलाई वहाँका जन्मदिनमा उपहार दिने धोषणा पनि गर्नु भयो।


अन्तमा डा. प्रधानज्यूबाट धन्यवाद ज्ञापन गर्नु भयो। साथै धर्मकीर्ति विहारमा यस कार्यक्रम चलाउन पाएकोमा हर्ष व्यक्त गर्नुभयो। यदि विहारबाट अनुमति तथा स्थान उपलब्ध गरि दिएको खण्डमा आगामी वर्षहरूममा पनि यस्तै गरी गुरुमांको जन्मोत्सव मनाउने वाचा गर्दै सभा विसर्जन गर्नु भयो।

कार्यक्रम पछि यस दिव्य ज्योति समूहबाट गुरुमांहरूको साथै सम्पूर्ण योगीहरूलाई जलपानको व्यवस्था पनि गरेको थियो। यसकारण हामी कार्यक्रम पछि जलपान गरेर नचाही नचाहीकन नै वहाँहरूबाट विदा लिएर छुट्यौं।

डा. प्रधान जी तथा सम्पूर्ण समूहका साथीहरू यो हामीलाई अति स्मरणिय रमाइला र उपयोगीका दिनहरू हुनेछ।

भवतु सब्ब मङ्गलम्!

**अनिच्चावत संखारा उप्पादवयधम्मिनो, उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमोसुखो ।**



*जन्मः*
*२०१६/११/१६*

*दिवंगतः*
*२०६५/०२/०८*

## दिवंगत भिम बहादुर थापा मगर


महिला बौद्ध संघका सल्लाहकार सदस्य एवं म्याग्दी बौद्ध संघका सक्रिय सदस्य श्रीमती लाली थापा मगरज्यूको **श्रीमान् भिमबहादुर थापा मगरज्यूको** असामयिक रूपमा दिवंगत हुनु भएकोमा उहाँको सुगति एवं निर्वाणको कामना गर्दै उहाँको परिवारलाई अनित्य संसारको सत्यलाई सम्भेर धैर्य धारण गर्ने शक्ति मिलोस् भनि श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**महिला बौद्ध संघ परिवार**
वेनी बजार, म्याग्दी

**म्याग्दी बौद्ध संघ परिवार**
वेनी बजार, म्याग्दी

**अनिच्चावत संखारा उप्पादवयधम्मिनो, उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमोसुखो ।**

Dhamma.Digital



*जन्मदिं:*
*१९८१ श्रावण ९ गते*

*मदुगुदिं:*
*२०६५ जेष्ठ २४ गते, शुक्रबार*

## दिवंगत कुलबहादुर महर्जन

खा:वहा: ज्याठा

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य उपासक **कुलबहादुर महर्जन** वंगु जेठ २४ गते दिवंगत जुयादीगुलिं वयक:या छेँज:पिंसं थुगु संसारया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फय्मा धका: मनं तुना च्वना !

**धर्मकीर्ति पत्रिका परिवार**



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ३८

■ रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
*रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं: ४२२४०८५*

## के हो 'रेकी' उपचार ?

गत अङ्कमा तपाईंहरूलाई के हो रेकी उपचार ? पद्धति अन्तर्गत शरीरलाई अति आवश्यक भिटामिन "सी" को बारेमा जानकारी प्रस्तुत गरेको थिएँ र सोही अनुरूप स्वस्थ रहन नियमिततताको बारेमा जानकारी प्रस्तुत गर्नेछु भनेको थिएँ सोही विषयलाई क्रमश: यस अङ्कबाट के हो रेकी उपचार ? अन्तर्गत जानकारी प्रस्तुत गर्दै लैजाने छु। अब आऔं नियमितताको बारेमा केही जानकारी लिऔं।

जुनसुकै क्षेत्रमा प्रवेश गर्न पनि आकर्षक र स्वस्थ व्यक्तित्वको लागि नियमितताको आवश्यकता पर्दछ । स्वस्थ्यताको लागि नियमित व्यायाम, सात्वीक आहार एवं सात्विक विचारको आवश्यकता पर्दछ । आजको प्रतिस्पर्धात्मक युगमा शिक्षा आर्जन गरेको भरमा रोजगारी प्राप्त हुन्छ भन्ने कुरामा ढुक्क हुन सकिंदैन । किनकी रोजगारी प्राप्त गर्न पनि सृजनशिलताको आवश्यकता पर्दछ। रोजगारीको बजारमा प्रवेश गर्न मात्र होइन, जीवनको लक्ष्य प्राप्त गर्न सृजनशिलताको आवश्यकता पर्दछ , एउटा स्वस्थ्य व्यक्तिले मात्र यी कुरा संम्भव गर्न सक्दछ । तर यस किसिमको व्यक्तित्व प्राप्त गर्न शुल्क तिरेर प्राप्त गर्न सम्भव हुँदैन । यसै कारण स्वस्थ्यता प्राप्त गर्न समय अवधि भित्रै पूर्ण सतर्कता अपनाउन नितान्त आवश्यक पर्दछ । आजका धेरै व्यक्तिहरू स्वस्थ्यताका लागि ठूलो धनराशी खर्च गरेर खोजी गरिरहेका छन्, कतिले सफलता प्राप्त गरिरहेका छन् भने कति भौंतारिरहेका छन्। स्वस्थ्यता प्राप्त गर्नको बदला जटील रोगहरू निम्त्याई रहेका छन्। जसको कारण दीर्घकालिन निरोगीताको बदला दीर्घरोगी बनिरहेका छन् । यसले प्राय: व्यक्तिहरूलाई तनावको स्थिति सिर्जना गरी व्यक्तित्व विकासमा झन असर पारिरहेको छ ।

प्रभावकारी स्वस्थ्यताका लागि नियमितताको अति आवश्यकता पर्दछ, तब मात्र व्यक्तित्व विकासका लागि सन्तुलित खानपान, व्यायाम र सात्विक बिचारबाट स्वास्थ्यता प्राप्त गर्न सम्भव हुन्छ ।

वर्षौ देखि प्राकृतिक चिकित्सकहरूले यस बारे बारम्बार आवाज उठाई रहेका छन्। जस्तै प्राकृतिक भोजन, योग, ध्यान र सकारात्मक चिन्तन नै स्वस्थ जीवनको मुल आधार हो र यसले व्यक्तिको शारीरिक एवं आन्तरिक सुन्दरता अभिवृद्धिमा सहयोग पुऱ्याउँछ ।

स्वस्थ जीवनका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आन्तरिक सुन्दरताका कुरा बारम्बार उठे पनि अधिकांशले यसलाई आत्मसात गरेको पाइदैन । सुरुमा त सबैले शारीरिक स्वस्थ्यता नै खोज्छन्। तर बाहिरी स्वस्थताले व्यक्तित्व विकासको लागि अवरोध पुऱ्याउँदछ । यसैकारण पूर्ण स्वस्थ्यता प्राप्त गर्न आन्तरिक व्यक्तित्व विकास गर्नु पर्दछ जसका लागि नियमितता अति आवश्यक पर्दछ ।

प्राकृतिक पद्धति अनुसार एउटा भनाई "जस्तो खान्छौं, त्यस्तै हुन्छौं" विश्वमा हाल सजिलो र छिटोको लागि तयारी एवं प्याकेट खाद्य र तयारी पेय पदार्थको उत्पादकहरूले पंदार्थ बस्तुको गुणस्तरमा भन्दा उपहार राखेर बिक्री प्रवर्द्धन गर्न प्रतिस्पर्धात्मक रूपमा विज्ञापन गरिरहेकोले गर्दा मानवजातिमा खानपानको परिवर्तन आएको छ। क्षणिक सुख र आनन्दको लागि स्वादिष्ट खानेकुराहरू र पेय पदार्थ प्रयोग गरिरहेका छौं, जसकारण स्वास्थ्यमा प्रतिकुल असर सृजना भई स्वास्थ्यतामा अवरोध भई रहेको छ ।

जस्तै क्षणिक सुख र आनन्दको लागि प्याकेट गरिएको तथा मोनो सोडियम गुल्टामेट जस्ता रासायनिक प्रयोग गरेको खानेकुरा खाँदा त्यसले स्वास्थ्यमा दीर्घकालीन प्रभाव पारेको हुन्छ भन्ने विषयमा प्राय: सबैलाई अल्पज्ञान हुन सक्छ तर पनि आधुनिकताको नाममा प्राय: सबैले प्रयोग गरिरहेका हुन्छन्, जसकारण समाज विभिन्न प्रकारका रोग, समस्या नियन्त्रण गर्न निकायहरूलाई गाह्रो भई राखेको छ ।

त्यसो त औषधिका पिताका रूपमा चिनिएका हिप्पोक्राइष्टले धेरै पहिले नै भनेका थिए– "जस्तो खान्छौं, त्यस्तै हुन्छौं "।

*क्रमश:*

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १४

## (दोस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

"महाराज ! आफ्नो प्रज्ञा (ज्ञान) ले जुन उनले अनित्य, दुःख र अनात्म भनेर जान्नु भएको छ, त्यो विषयमा उनलाई कुनै मोह हुँदैन ।"

"भन्ते ! यी विषयहरूमा उनको मोह कहाँ जान्छ ?"

"महाराज ! ज्ञान उत्पन्न हुनेबित्तिकै त्यस विषयमा सबै मोह नष्ट भएर जान्छन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै अँध्यारो कोठामा कसैले एउटा दियो बाल्छ । त्यसले अँध्यारो हटेर जान्छ उज्यालो हुन्छ । महाराज ! उसरी नै ज्ञान उत्पन्न हुनेबित्तिकै मोह (अज्ञान, अविद्या, भ्रम) भंग (नाश, नष्ट) हुन्छ ।

"भन्ते ! अनि उनको प्रज्ञा कहाँ जान्छ ?"

"महाराज ! प्रज्ञाले पनि आफ्नो काम गरेर जान्छ । त्यो प्रज्ञाले 'सबै अनित्य छन्, सबै दुःख छन्, सबै अनात्म छन्' भनेर उत्पन्न हुन्छ त्यही मात्र रहन्छ ।"

१. "यसलाई स्पष्ट पार्नको लागि कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै एक जना ठूलो मान्छेले रातको समयमा एउटा चिट्ठी लेखाउन चाहन्छ । उसले आफ्नो लेखक (सचिव, बहिदार) लाई बोलाएर बत्ती बालेर चिट्ठी लेख्न लगाउँछ । चिट्ठी लेखिसकेपछि बत्ती निभाँउछ । जसरी बत्ती निभेपछि पनि चिट्ठीमा लेखिएका कुरा बिग्रदैन, महाराज ! उसरी नै प्रज्ञाले पनि आफ्नो काम गरेर जान्छ । त्यो प्रज्ञाले जुन "सबै अनित्य छन्, सबै दुःख छन्, सबै अनात्म छन्" भनेर उत्पन्न हुन्छ त्यही मात्र रहन्छ ।"

२. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! पूर्वतिरका मानिसहरूमा यस्तो चलन छ । सबैले आ-आफ्नो घरका छेउमा पाँच पाँचवटा पानी भरेका गाग्रा राखिछोडेका हुन्छन् जुन कुनै समय घरमा आगो लागेमा निभाउने काममा आउँछन् । एक पटक घरमा आगो लाग्यो र पाँचओटै गाग्राका पानी त्यो आगो निभाउने काममा आयो । महाराज ! के ती मानिसहरूले आगो निभिसकेर पनि गाग्राहरूलाई काममा ल्याइरहन्छन् त ?"

"ल्याउँदैनन् भन्ते ! गाग्राहरूका काम सकिसक्यो अब तिनीहरूबाट के गर्नु छ ?"

"महाराज ! जसरी यहाँ पाँचओटा पानीका गाग्राहरू हुन् उसै गरी पाँच इन्द्रियहरूलाई सम्झिनुपर्छ– श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय, प्रज्ञेन्द्रिय । जस्तो त्यहाँ आगो निभाउने मानिसहरू हुन् उस्तै योगीलाई सम्झिनुपर्छ । जसरी त्यहाँ आगो छ उसरी नै क्लेश (तृष्णा) हरूलाई सम्झिनुपर्छ । जसरी त्यहाँ गाग्राका पानीले आगो निभाइन्छ उसरी नै यहाँ पाँच इन्द्रियहरूले क्लेशलाई निभाएका सम्झिनुपर्छ । एक पटक क्लेश नष्ट भएपछि फेरि उत्पन्न हुँदैन ।"

"महाराज ! यसरी प्रज्ञाले आफ्नो काम गरिसकेपछि ।"

३. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै वैद्यले पाँचओटा जडीबूटीहरू ल्याउनुहुन्छ । तिनीहरूलाई पिंधेर औषधी बनाउनुहुन्छ र त्यो औषधी खुवाएर रोगीलाई जाती पार्नुहुन्छ । महाराज ! रोगी जाती भइसकेपछि के फेरि पनि वैद्यले उसलाई औषधी खुवाउन चाहनुहुन्छ ?"

"चाहनुहुन्न भन्ते ! अब ती जडीबूटीहरूको के काम !!"

"महाराज ! यहाँ जसरी पाँच ओटा जडीबूटीहरू हुन् उसरी नै पाँच इन्द्रियहरूलाई सम्झिनुपर्छ । जस्तो वैद्य हो उस्तै योगीलाई सम्झिनुपर्छ । जस्तो रोगीको रोग हो उस्तै क्लेशहरूलाई सम्झिनुपर्छ । जस्तो रोगी हो उसै गरी अज्ञानी जीवलाई सम्झिनुपर्छ । जसरी पाँच ओटा जडीबूटीहरूले रोग जाती पारिदियो उसरी नै पाँच इन्द्रियहरूले क्लेशलाई नाश गरिदिन्छन् ।

"महाराज ! यसरी प्रज्ञाले आफ्नो काम गरेर जान्छ ।

४. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै लडाकु सैनिक जवान पाँचवटा काँड लिएर लडाईंमा जान्छ, त्यसले ती पाँचओटै काँड हान्छ र उसले शत्रुहरूलाई हराएर धपाइंपठाउँछ । महाराज ! शत्रुहरू भागेपछि के त्यसले फेरि पनि काँड हान्नचाहन्छ ?"

"चाहँदैन भन्ते ! शत्रुहरू भागेपछि काँड हान्नु के काम ?"

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

( धर्मकीर्ति विहारको सन्दर्भमा )

# परियत्ति शिक्षा र धम्मवती गुरुमां

विजय लक्ष्मी शाक्य

परियत्ति शिक्षा भन्नासाथ थेरवाद बुद्ध धर्मानुसारले त्रिपिटक ग्रन्थको स्मरण हुने हुन्छ । भगवान् बुद्धले ४५ वर्ष सम्म गाउँ, नगर, शहर, देश विदेशमा चारिका गर्दै दिनु भएको उपदेश अनेक संघायन पछि लिपिवद्ध गरिएको हामी पाउँदछौं । यही लिपिवद्ध ग्रन्थहरू सुत्तपिटक विनय पिटक र अभिधर्म पिटक गरी जम्मा तीन खण्डमा विभाजन गरिएको छ ।

बुद्धधर्ममा परियत्ति, पतिपत्ति र प्रतिवेध गरी जम्मा तीन तह गरी अध्ययन अध्यापन गर्ने गरिन्छ । त्यसमध्य परियत्ति शिक्षा सुत्तपिटक अन्तर्गतको बौद्ध शिक्षामा अध्ययन अध्यापन गरिन्छ । परियत्ति शिक्षाबारे बुद्धधर्ममा उल्लेख भए अनुसार "सुत्र रहेन र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ । सुत्र आदि रक्षा भएमा प्रतिपत्ति रक्षा हुन्छ, परियत्तिमा स्थिर भइरहने धीरपण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन ।" भनेर अंगुत्तर निकायको एउटा गाथामा भनिएको छ । यो परियत्ति शिक्षाले आफ्नो नाथ (मालिक) आफै बन्ने शिक्षा दिन्छ भनेमा केही अत्युक्ति नहोला । जस्तो धम्मपद (१६०) औं अत्तवग्गोमा उल्लेख गरिएको छ । **"अत्ताहि अत्तनो नाथो - कोहि नाथो परो सिया ।"**

परियत्ति पढेर पटिपत्ति वा शिक्षालाई आचरण गरेर आफैलाई प्रशिक्षित गर्नेले दुर्लभको नाथ प्राप्त गर्दछ । धम्मपदमा भनिन्छ । **"अत्तना व सुदन्तेन - नाथं लभति दुल्लभं ।"** जुन बुद्धको शिक्षाले अन्धकार नाश गरी आफ्नो भित्री मनको मालिक आफै बनाउन सक्षम छन् र त्यही अन्धकारलाई पन्छाउँदै प्रकाश छर्ने वा दिने उद्देष्य बोकी बौद्ध परियत्ति शिक्षा हाम्रो सामु विद्यमान छ ।

नेपालको बौद्ध इतिहासको सन्दर्भमा कोत्याउँदा नेपाल भिक्षु महासंघका थेरवाद आदरणीय भिक्षुहरू अनेक वाधाको वावजुद २०२० साल देखि यो शिक्षाको व्यवस्था गरिएको थियो ।

श्रद्धेय सुदर्शन भन्तेको लेख "नेपाल बौद्ध परियत्ति शिक्षा एक झलक" (परियत्ति बुलेटीन, वि.सं २०६५ बैशाख) मा यस शिक्षाको महत्वपूर्ण उद्देश्यहरूको वर्णन यसरी गरिएको पाइन्छ ।

*यसको विभिन्न उद्देश्यहरू–*

१. बुद्ध धर्मको शिक्षा आफू र अरूले कतिको बुझेको छ भन्ने कुरा थाहापाउनको लागि हो ।
२. यसको अन्तिम लक्ष्य सम्पूर्ण त्रिपिटक वाङ्मय थाहा पाउनको लागि हो ।
३. विहारका उपासक उपासिकाहरू परिधिभित्र मात्र नभई सर्वसाधारण जनताहरूले पनि यसको अध्ययन व्यवस्थामा भाग लिन लगाउनु हो ।

माथि उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्नको लागि पाठ्यक्रम विकास गर्दै आएको छ । मूख्य तया निम्न कुराहरू हामी (ने.बौ.प.स.) ले गर्नु पर्ने देखिन्छ । (प. बुलेटीन)

१. उपयुक्त पाठ्यक्रम बनाई पाठ्यक्रमका पाठ्यांश पाठ्यक्रमका पाठ्यपुस्तक प्रकाशित गर्दै जाने ।
२. यसका लागि निर्वाण कामना गरि धर्मका पुस्तक प्रकाशित गर्न इच्छुक दाताहरूबाट बौद्ध परियत्ति शिक्षाका पाठ्यपुस्तकहरू प्रकाशित गराउने प्रवृतिको विकास गर्दै जाने ।
३. बौद्ध लेख, पुस्तकहरू परियत्ति शिक्षाको पाठ्यक्रम सुहाउँदो विषयवस्तु र भाषास्तरले युक्त गरि प्रकाशित गर्दै जाने ।
४. पाठ्यक्रम विकास, पाठ्य पुस्तक निर्माण, पाठ्यपुस्तक प्रकाशन र पाठ्यपुस्तक बिक्रि वितरणको व्यवस्था योजनावद्ध ढंगले गर्दै जाने ।

बौद्ध परियत्ति शिक्षाको प्रचार प्रसार गर्ने उद्देश्यले यसलाई विभिन्न दशवटा स्तर वा कक्षामा विभाजन गरिएको पाइन्छ । ती हुन्–

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष (कक्षा १)
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष (कक्षा २)
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष (कक्षा ३)
४. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश प्रथम वर्ष (कक्षा ४)
५. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश द्वितीय वर्ष (कक्षा ५)
६. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश तृतीय वर्ष (कक्षा ६)
७. परियत्ति सद्धम्म पालकको प्रारम्भिक उपाधि वर्ष (कक्षा ७)
८. परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद प्रथम वर्ष (कक्षा ८)
९. परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद मध्यम वर्ष (कक्षा ९)
१०. परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद अन्तिम वर्ष (कक्षा १०)

कक्षा १ देखिका पाठ्यपुस्तकमा शील पालना गर्ने, शीलाचरणको गृही विनय, कर्म र कर्मफलको विषय, चित्तको विषय अभिधर्मको अध्ययन अध्यापन गरिन्छ। जुन आजको नयाँ नेपाल निर्माणको लागि सहयोगी सिद्ध हुने हुन्छ।

नयाँ नेपालको निर्माणको प्रकृया संधै धेरै नै हत्या, हिंसा, झगडा, लुटपाट भए। यस्ता कहालि लाग्दो वातावरणले नेपाली जनता पूर्ण सुरक्षित र मुक्त छैन। श्रद्धेय धम्मवती गुरुमां भन्नु हुन्छ यस्तो समयमा परियत्ति शिक्षा हासिल गर्न सके बाहिरको अग्निमय वातावरणबाट शीतलता पाउन सक्ने हुन्छ। बुद्धको शिक्षाले मनलाई शान्त पार्ने काम गर्दछ जस्तो बाहिरको घामले पोलेको व्यक्ति घरमा आएर पंखा चलेको ठाउँमा बस्न पाए आनन्द र शीतलता शान्तिको महसूस गर्दछ। उहाँ गुरुमांको सदिच्छा त विहारमा आउने सबै जसोले यो शिक्षा प्राप्त गर्न सकोस्। संधै यही भनीरहनु हुन्थ्यो "परियत्ति शिक्षा पढेर जाँच पनि दिनु।" उहाँ गुरुमांकै प्रोत्साहनबाट यो शिक्षाबाट मैले पनि ज्ञान हासिल गर्दै आएँ।

ने.बौ.प.शि.को सद्धर्म कोविद पदवीले सुशोभित प्रथम भिक्षुणी श्रद्धेय शुशीला गुरुमां हो भने अरू धेरै भिक्षु भिक्षुणीहरूले यो शिक्षा हासिल गरी यस शिक्षाको प्रसार प्रचारमा लागि परेका छन्।

बुद्ध सम्वत (२५५१ - वि.सं. २०६४) सालमा धर्मकीर्ति विहारका ८५ विद्यार्थी र लुम्बिनीको गौतमी विहारबाट १०० भन्दा बढी विद्यार्थीलाई पुरस्कार वितरण पनि गरिएको थियो। गुरुमां भन्नु हुन्छ लुम्बिनीको वासिन्दाले यो शिक्षा पाएमा शान्तिको सन्देश, उपदेशको महत्व बुझ्दछन् दुर्लभ मनुष्य जीवन, दुर्लभ धर्म श्रवण, दुर्लभ श्रवण जीवन दुर्लभ बुद्धको जन्मको महत्वहरू बुझ्दछन्। यसरी यो शिक्षा फैलँदै गयो भने तथागत बुद्धको जन्म स्थल को महत्वपनि बुझ्दछन्। यस शिक्षाको उद्देश्य अनुरूप सर्वसाधारण जनता माझ यो शिक्षा प्रचार भएमा शान्तिको बातावरण बनाउन टेवा पुरदछ। आउँदो नयाँ नेपालका देशवासीले काम गरी माम पाउनेछन् आफूले नै गाँस, वास, कपास, स्वास्थ्य आदि मानिसको अत्यावश्यक चाहनाहरू पूरा गर्ने छन्। हत्या, हिंसा, चोरी डकैती बाट मुक्त भई मजदुर, कर्मचारी, व्यापारी, विद्यार्थीले मेहनत गरी सरलतापूर्वक सफल जीवन जीउन पाउने हुन्छ। देशका दुशील, कुटिल भ्रष्टाचारी उन्मूलन भएमा देश, समाज, परिवार सप्रिने छन् भन्ने विश्वास हामीले पनि लिन सक्ने हुन्छौं। यसको लागि सरकारी स्तरमा बौद्ध परियत्ति शिक्षाको संचालन गर्न गराउन अखिल नेपाल भिक्षु महासंघ प्रयत्नशील देखिन्छ।

धर्मकीर्ति विहारको परियत्ति पुरस्कार कार्यक्रममा संविधान सभा सदस्य श्रद्धेय आनन्द भन्तेले प्रमुख अतिथिको आसनबाट भन्नुभयो कि यो शिक्षालाई सरकारी स्तरबाट देश भर पुऱ्याउन सके आजको बालक बालिका भोलिका कर्णधारहरू विउ रूप फुल फुली भविष्यको नेपालमा सुगन्धले मगमगाउँदो शान्ति रूपी वास्ना छाउनेछन्। ■

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ५७०

**श्री कृष्ण देवी मानन्धर**
टेकु, काठमाडौं।
रु. १००५/-

क्र.सं. ५७१

**श्री ज्ञान काजी शाक्य**
२७२/४१/क, कपन मार्ग
महाराजगंज, काठमाडौं।
रु. १०००/-

क्र.सं. ५७२

**श्री प्रतिमा स्थापित**
खुसिबुँ, काठमाडौं।
रु. १०२०/-

क्र.सं. ५७३

**श्री विमला श्रेष्ठ**
असन कमलाक्षी, काठमाडौं
रु. १००५/-

क्र.सं. ५७४

**श्री कमल शोभा ताम्राकार**
स्वयम्भू, काठमाडौं
रु. १००५/-

## भूलसुधार

धर्मकीर्ति पत्रिका वर्ष २६, अंक ३, पेज नं ८, विशेष सदस्यहरू शिर्षक अन्तरगत क्र.सं. ५६५ मा श्री दानमाया महर्जन हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरी सच्चाइएको छ।



Downloaded from http://www.dhamma.digital

# बुद्धया सन्देश

■ मुनिन्द्ररत्न वज्राचार्य

स्वधर्म, स्वसंस्कृति, सभ्यताया संरक्षण व सम्वर्द्धन मयायकं व्यक्ति, समाज, राष्ट्र व विश्वयात सुखमय व स्वर्गतुल्य याय् फइमखु । उकें धर्म प्रति फुक्क मनुखं चेतना मथंसे मगा: । धर्मप्रति आस्था दुपिं मनुखं हे देशय् छुं बांलागु बिचा: याना रचनात्मक ज्या याना यंके फइ । थौंया परिप्रेक्ष्यय् राष्ट्रया नेतातसें देशया कुशल नेतृत्व काइपिसं धार्मिक आस्थाय् छुं भावनात्मक ज्या याय् हे मा: । धार्मिक सचेतना बिना राजनैतिक सामाजिक वा आर्थिक धरातलं सुं नं च्वय् थाहाँ वने फइ मखु । देशय् न्यना च्वंगु धार्मिक आस्था व संस्कृति प्रति राज्ये चासो तय् हे मा: । नेपा: दे धर्म निरपेक्ष मुलुकया रूपय् घोषणा जुसेलिं देश न्यना च्वंगु फुक्क जात जातिया धर्म प्रति निर्धक्क आस्था तया हनेगु अवसर व:गु दु । थ्व हे सन्दर्भय् मानव मात्र कल्याण याना विज्यापिं थी थी बुद्धपिसं प्रतिपादन याना त:गु बौद्ध धर्म थन विस्कं महत्व जाया च्वंगु दु । नेपाले आपालं बुद्ध जुया वंपिं दु । 'बुद्धबोधने' अर्थात 'गुम्हस्यां बोध याइ, बोधयायगु ज्या याई' वहे बुद्ध जुइ । उकें नेपा:या इतिहास परापूर्वकाल निसें थी थी बुद्ध कथं दीपंकर बुद्ध, विपश्वी, शिखि, विश्वभू, ककुच्छन्द, कनकमुनि, काश्यप, आदि बुद्ध धका पंचबुद्ध अक्षोम्य, अमिताभ, रत्न संम्भंव, वैरोचन, व अमोघसिद्धिपिं व अन्तिमे शाक्यमुनि गौतम बुद्ध व:गु ख: । नेपा: न्हापांनिसेंहे बुद्धपिनिगु केन्द्र खल ख: उकें बुद्धधर्मया संरक्षण यायत थी थी प्रयासत जुया च्वंगु दु ।

नेपालय् थी थी बुद्धपिनिगु महत्वंजाया च्वंसा नं शाक्यमुनि गौतमबुद्धया जन्म, बोधिज्ञान लाभ, जू:गु व महापरि निर्वाण जूगु पवित्र दिनंयात वैशाख पुन्हीया रूपय् हना वया च्वंगु दु । थ्व पवित्र दिनयात गुलिस्यां स्वाँयापुन्हि, बैशाख पूर्णिमा, बुद्ध जयन्ती धका धायगु या: । थ्व दिनयात विश्वया त:धंगु संस्था संयुक्त राष्ट्र संघंतकं महत्वबिया विश्वय् न्यंकभनं आधिकारिक रूपं बिदा बिइगु या:गु दु । भीथाय् नेपालय् नं थुकुन्हु सरकारी बिदा बिया वया च्वंगुदु ।

विश्वया हलिमय् भगवान बुद्धं केना बिज्यागु शान्ति मार्ग धर्मया ज्ञानं मानवजातिया लागि कल्याणकारी व सुखदायी जुया च्वंगु दु । बुद्धया न्हापांगु सिद्धान्त हे दु:खयात म्हसिकेगु ख: । बुद्धयाचतुआर्य सत्य धका दु:खयात ब्याखा याना बिज्यात । चतुआर्य सत्य धका दु:ख सत्य, दु:ख समुदय सत्य दु:ख निरोध सत्य, दु:ख निरोध मार्ग सत्य ख: । थ्व प्यंगू आर्य सत्यकथं न्ह्याम्हं प्राणी थ्व संसारे जन्म जरा ब्याधि व मरण यासें मुक्तजुइ फइमखु । जन्म जुसेंलि मृत्यु अवश्यंभावी ख: । जन्म हे दु:ख, मरण हे दु:ख ख: । भगवान बुद्ध थ्वयात अभ्र स्पष्टरूपं ब्याख्या याना बिज्यागु दु ।

दु:ख सकभनं न्यना च्वंगु दु । प्राणी मध्येनं सर्वश्रेष्ठ मनूजातिया लागि अभ्र दु:ख आहात जुया च्वंगु दु । मनू मेमेपिं प्राणी स्वयानं चेतनशील जुगुलिं दु:ख अनेक कारणं जुया च्वंगु दु । थ:म्हं इच्छायाना थें मदैगु, न्ह्याको इच्छा या:सां मगागु, योपिं नापं च्वने मदैगु, मयोपिं नापं व्हना च्वनेमा:गु संसारिक दु:खं ततमत: केना च्वनीगु ख: । थी थी कथंया तृष्णां हे जीवन फुना वनीगु दु:ख ख: । तर भगवान् बुद्धं दु:खया कारण जक केना बिज्यागु दु । थ्व चतुआर्य सत्ययात थुइकेया लागि आर्य अष्टांगिक मार्गमा निरूपण यायत लँपु नं केना बिज्यात । आर्य अष्टांगिक मार्गकथं शील, समाधि व प्रज्ञा स्वंगू ज्ञानया विभाजन याना तल । शील धका सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीवन व समाधि धका सम्यक ब्यायाम, सम्यक स्मृति व सम्यक समाधि वई । अथेहे प्रज्ञा दुने सम्यक दृष्टि, सम्यक संकल्प वइ । बुद्धया थुगु बिचालं मानव जाति व प्राणी जगतय् हित जुइगु ज्या जुयाच्वंगुदु । थुलिजक मखु बुद्ध थी थी पक्षय् ब्यूगु सन्देश तसकं महत्वपूर्ण जूगु दु ।

बुद्धया छगू महत्वपूर्ण संदेश धयागु हे प्राणी हिंसा पाखें बचे जुइगु इहलोक व परलोक आशायाना मनुखं प्राणी हिंसा याना, बलि बिया थ:त सुख प्राप्त यायत स्वइ । तर बुद्धं थ्व बिचायात घोर विरोध यासे थ:त गथे स्या: करपिन्त नं उलि हे स्या: धका प्राणी हिंसाया विरोध याना बिज्यात । मनूखं मनूयात जातपातया नामे याइगु भेदभाव यात बुद्धं घृणित ज्याया रुपय् नाला क्या बिज्यात । उकें बुद्धं धया बिज्यात जातं व जन्मं सुनं त:धं चीधं जुइ मखु ।

बुद्ध अन्धविश्वासया पक्षपाति ख: केवल मूर्तिपूजा जकं छुं फलप्राप्त जुइ मखु, थुकियात कर्मयात हे विशेषजोड बिया बिज्यात । परिश्रमया फलकायत थ:हे न्ह्यचिले मा:गु बिचा: प्वंका बिज्यागु दु । थ:हे थ:म्ह नाथ मालिक ख: । सफलता व असफलताया मुख्य भागीदारी थ:पिं हे ख: । मनू इश्वरया दास मखु थ: थम्हं न्हयचिला वनेमा: बुद्धं मानविय दु:ख जुइगु आपालं विचा:यात न्ह्यब्वया ब्यूगुलिं थौंतकनं विश्वं बुद्धयात लुमंकेगु याना वया च्वंगुदु । यदि बुद्धया शान्ति सन्देश लुमंकेव थ्व संसारय् द्वेष, घृणा, आतंक, हिंसा थें जागु ध्वंसात्मक ज्यां मुक्त जुइ फइ थौंयात मागु धर्म नं थजागु हे ख: ।

# श्रद्धेय भिक्षु अश्वघोष गुरुवर भन्तेको सम्झना !

■ गौतम "शिशिर"

आज म जीवनको यथार्थलाई सम्झेर यसरी कलम कापीको सहारा लिएर लेख्न मन लाग्छ। समयको चक्रले कहिले हाँसो कहिले आँशु आँखा भरि छछलकाउँदै कागजको धरातलमा आँशुलाई नै मसी बनाएर पोखिदिन्छु। यात्राको घाम छाँयाले दगल्चाएको मुटुको वोललाई सम्झना गर्दा भावुक भरिन्छ। त्यहि प्रतिविम्व, यसरी कोरीरहन चाहन्छु। परिस्थितिहरूसँग गाँसिएको जीवन कथा भएर मन त्यत्तिकै डराउँछन् र वर्तमानसँग साटिन रूचाउँदैनन्। जीवनमा दुःख सुखको यात्रा धेरै आउँछन्। सम्झना गर्दा आँखामा बस्न चाहन्छ। जुन दिन भुल्न कोशिस गरेपनि भूल्न नसकिने नमिठो वज्रपात पारेर घायल भएको पंक्षी झै भएको थिएँ। यहि मिति २०६५/३/१२ गतेका दिन काठमाडौंबाट विहान ६ बजे माइक्रोबसमा चढेर लुम्बिनी हिँडे। धर्मकीर्ति विहारबाट पनि दुई जना गुरुमांहरू केशावती र खेमावती अनि दुईजना थाई भन्तेहरू पनि एउटै बसमा गयौं। नेपाल अधिराज्यको ठाउँ-ठाउँमा बन्द भएको कारणले दुःख सुख झेल्दै भएपनि लुम्बिनी पुग्यौं।

भोलिपल्ट विहान १३ गते गुरु वर श्रद्धेय भिक्षु अश्वघोष महास्थविर उपसंघ नायक भन्ते र म माया देवीको मन्दिर वरिपरि घुम्दै त्यो माया देवी बगैंचामा विहानीको मिरमिरेमा मधुवतास चराचुरुङ्गी चिरविच्याई मौनता प्रकृतिसँग लुकामारी खेलेको दृश्य हेर्दै घुमेर १५ मिनेट जति ध्यान बसेर सिद्धिएपछि ७ बजे राजकीय विहारमा जलपान गऱ्यौं। त्यसपछि भन्ते आराम गर्नुभयो। म विहार डुलेर ठीक ११ बजे त्यहीं राजकीय विहारमै भोजन गरेपछि शाक्यमुनि विहार गयौं। त्यहाँ थाई भन्ते र केशावती, खेमावती गुरुमांहरू श्रद्धेय भिक्षु अश्वघोष भन्तेलाई दर्शन भेटघाट गर्न आउनु भयो। अन्तिममा भन्तेसँग छुट्ने बेलामा भावुक भएर आँशु छछल्काउँदै रोएको क्षण विर्सन सकिन। जुन दिन २०६५/३/१३ गते भूल्न नसकिने क्षण लाई सम्झेर रून्छ मेरो मन। सँगै रहने भाग्यले ठाँर होला पाइएन। मान्छे र समय यहाँ धेरै स्वार्थी पो रहेछन्। किन कि ? भन्तेको भावुक आँशुको मूल्य बुझिदिने कोहि भएन। त्यसैले दुःख लाग्छ। धेरै रोएँ पनि। उहाँको गुणहरू सम्झेर अझै रून मन लाग्छ नै। उहाँकै माया र प्रेरणाले गर्दा अहिलेसम्म शान्तिको बाटोमा छु।

उहाँ नै प्रेरणाको मुहान भईरहेका छन्। उहाँकै मैत्री करूणाले मलाई जे जति धेरै थोरै भएपनि निरन्तर रूपमा बुद्धधर्म संघमा बस्ने अवसर पाएको छु। हो साँच्चीकै भन्नुपर्दा जन्म दिने आमा बुबा छोडेर त्यागी भएर आएपछि साहारा भन्नु नै एकजना गुरु मात्र हुँदो रहेछन्। अहिले म, अकेला, टुहुरो जस्तो भएको भान हुन्छ। उहाँकै साहाराले यहाँसम्म ल्याईपुऱ्याउनु भयो। म मगर जातीको भएपनि कहिले हेला घृणा नगरी समान आँखाले हेरी मुखमा पुगेको गाँस चुडेर दिएको क्षण अनि लेखक, कविसम्म हुनलाई यहाँसम्म ल्याई पुऱ्याउनु भएको सत्प्रयास स्वरूप भन्नुमा अत्युक्ति नहोला। ■


## सूचना

धम्मवती गुरुमांको ७४ औं वर्षिय जन्मोत्सवको उपलक्ष्यमा आषाढ ३० गते देखि भिक्षुमहासंघको तर्फबाट अभिधर्म पाठ एवं धर्मदेशना भईरहेको छ। यस कार्यक्रम आउँदो श्रावण ५ गते सम्म संचालन भइरहने सहर्ष जानकारी गराउँदै इच्छुक श्रद्धालुहरूलाई यस कार्यक्रममा भाग लिन आउनु हुन निमन्त्रणा गर्दछौं।

समय- विहान ७:०० बजे देखि ९:०० बजे सम्म

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः

"धर्मकीर्ति विहार परिवार"




Downloaded from http://www.dhamma.digital

# अनुभव – चारधाम वनाबलेया–६

■ ज्ञानकाजी शाक्य

**बोधिवृक्षया संरक्षण**

वसपोल वज्रासने च्वना बिज्यागु वंगल सिमा छ्चाखेरं कापतं सुना तल । बोधिवृक्षया हः कुतुंवसां व हः छ्येंयंका पूजा याना तये वा बैठके फोटो फ्रेमे तया ब्वया तये धापिं नं दुगु जुया च्वन । २५०० सिवे उप्व दं न्हापा बुया वःगु थ्व वृक्षया सुरक्षाया लागि याना तःगु व्यवस्था खना अजू चाल । थ्व सिमा स्वाभाविक रूपं तस्सकं पुलां जूथें तत्यात । थ्वया कचात तमा जुइक थाहां वना च्वन । थःगु शरीर थ्व पवित्रवृक्षयात ज्यातु मजुइमा धका पीलर (Pillar) थना थाय् थासे थुकिया कचातयत (Branches) बः बिया तल ।

**विश्व समुदायया आकर्षण स्थल-बुद्धगया**

बोधिवृक्षया क्वय च्वना बुद्धपूजा याना च्वंपिं, ध्याने मग्न उपासक उपासिकापिं थन लंय् लंय् हे खने दू । थुमिगु ख्वालं थुपिं श्रीलंकन, थाइ, मलेसियन, जापानी, कोरियन आदि धका धाय् फु ।

न्हय्गु हप्तातक भगवान् बुद्धं थन ध्यान याना बोधिज्ञान प्राप्त ज्वीधुंकाः बोधिवृक्षप्रति कृतज्ञता प्रकट याना बिज्यागु, चंक्रमण याना बिज्यागु आदि जुया च्वन जित लगे जुल -बौद्ध जुया छक्व बुद्धगयाय् मध्योंसा वं थःत बौद्ध खः धका फुइं मयायेगु बेश । अफ थथे धाइवले न भीपिं संकुचित विचार धारा प्रभावित जूगु धका आरोपित जुइफु । छाय् धाःसा थन बौद्ध समुदायत जक वया मच्वं, भारतया द्वलंद्व हिन्दूत, यूरोपियनत, अमेरिकनतय उपस्थिति नं म्हवो खने मदु । अकिं थ्व विश्व समुदायया हे आकर्षण स्थल जुया च्वन ।

**माँ बापिनि नामे मत च्याकागु**

महावोधि मन्दिर व वोधिवृक्ष तले मैन वत्ती, धुं, धुपाँय च्याके मव्यू । सरसफाइ व वातावरण दूषित मजुइकेत थथे यागु जुइ ।

मन्दिरया दक्षिणपट्टि बुद्धकुण्ड (पुखू) दु । थन नाप तीर्थयात्री पिन्त मत च्याकेगु थाय् बिया तल । ततःमागु सिमा या क्वसं ताहाकगु कोठा दुगु छेंचात दयका तल । थन निर्माण पू मवंनिगु जुया थ्व छेंया पिनेसं मत च्याके विल ।

जिमिसं दिवंगत जुइ धुंकूपिं जिमी बा व माँ पिनि नामे मैनवत्ती, धुं, धुपाँय च्याका । थुलि ज्या सिधवले जिमि मन हे हलुका जुल । माँया वचन पूरा यानागुलिं मने तस्सकं सन्तोष जुल ।

**बुद्धगया-राजागीर-नालन्दा-बुद्धगया**

कार्तिक ९ गते-थौंया भ्रमण जिमिगु Pleasure Trip (न्ह्याइपुक चाह्युू वनेगु) खः । बौद्ध साहित्य या दृष्टिं राजगीर मगध सम्राट बिम्बीसारया राजधानी धाइ । भगवान् बुद्धया साप हे योगु थाय् । पटनां नालन्दा जुका राजगीर वय ज्यू अले राजगीरं बुद्धगया । जिपिं गोरखपुर हाजीपुर इलय् हे वय दुगु खःसा हाजीपुर पटना सुथे ५ बजे न्ह्यव हे थ्यंकः वय् मापिं । परन्तु गोरखपुरे ट्रेन ४, ४१/२ घण्टा लिबाक थ्योंवले थ्व प्लान फेल जुल । अथे जुया जिपिं पटनां रेल गया जुका बुद्धगया वयागु खं च्वय् हे धाय् धुन ।

बुद्धगयां राजगीर-नालन्दा वनेगु व व हे रूटं (Route) बुद्धगया ल्याँहा वयेगु मती तया । सुमो निगः कयाः जिपिं सुथ ६:३० 'बजे बुद्धगया त्वता । जिमित गाइड (Guide) यायेत सुमन भन्ते नापं बिज्यात । म्ह्य गुफा, सुजाता मन्दिर व महावोधि महाविहार चाहिकेगुलि न वसपोलं हे सहयोग याना बिज्यागु खः । बुद्धगयां बजीरगन्ज धागु तहाकगु बजार मवतले लं सुनसान, तर लं बांला । बजीरगंज थ्यने न्ह्यव ल्वहंया चिकिधंगु डांडा छगू खने दइ । लंय् नावता (हिसुआ) धाः थाय् जलपान याना राजगीरया रोपवे स्टेण्ड (Rope way Stand) य् थ्यंकः वयावले ८:४० बजे जुल ।

रोपवे च्वना रत्नागिरिइ दयका तगु विश्व शान्ति स्तूप थ्यंकः वना । स्तूपनाप जापानी विहार दु । थ्व विहारं सतिक खने दु गृद्धकुट पर्वत । स्तूपं थुखे उखे स्वया वले वाउंगु जंगल त्वपुगु अनेक डांडात खने दु । भीगु पहाड त स्वया चिकि हे जाःसां दकभनं सिमा पिया वाउंक खने दया साप हे न्ह्याइपु । स्तूपं क्वाहाँ वया ५ मिनेटं हे थ्येगु बिम्बिसारया वन्दीगृह स्ववना । आ थ्व छ्चाखेरं पःखा जक थना तगु थाय् जुया च्वन । अजातशत्रुं थः अबु बिम्बिसारयात कुना तगु थाय् । बिम्बिसारया सोन भण्डार धागु Treasury (खजाना) दुगु गुफा, मनियार मठ (बुद्धया अस्थिधातु दुगु थाय्), तपोवन तीर्थ (Hot Spring) चाहिला जिपिं थाइ मन्दिर थ्यंक वया । थ्व फुक्क नाप नाप हे दु धाःसां) ज्यू । थाइ मन्दिर नाप वेणुवन विहारे वना । वेणुवन विहार धाःसां थन उपवन थें दयका तल । पं, अशोक वृक्ष, नीम, इमिली, टाटा व वंगल सिमात मिले याना पिना तगु दु । हिसिचा दुगु तलाउ (पुखु) न दु, मनूत वल धायवं नय दइगु आशं ड्यात हलुलुल पुखुया सिथेतक वइगु । इमित नसा नका च्वंपि मनूत न दु ।

वेणुवन लिहां वया लिक्कसं च्वंगु वेणुवन ग्रीन होटले नय-नि याना जिपिं थन नालन्दा वना २० मिनेटं थ्यन । नालन्दा विश्वविद्यालयया भग्नावशेषत अवलोकन याना । अले नव-नालन्दा विश्वविद्यालय, ह्वेन सांग स्मृति भवन (चिनिया मन्दिर) पिनं जक स्वया । सुमन भन्तेनं अले जिमित नव नालन्दा महाविहारे यंका बिज्यात । थ्व महाविहारे स्वम्ह भन्तेपिं नापलात आसामया न्यान श्री (दीप श्याम), त्रिपुराया सुरेया व न्यान भन्तेपिं । वसपोलपिं नवनालन्दा विश्व विद्यालये अध्ययनयाना च्वना विज्यापिं खः । थौंतकया व्यस्ततां जिपिं त्यानुचापिं जुइगु हे जुल । अथेजुया छुं समय आरामकायत जिमित सुमन भन्तेनं ब्वना यंका विज्यागु जुल । २:३० वजे थ्व महाविहार त्वता राजगीर जुका बर्मीज विहार बुद्धगयाय् ५:०० बजे जिपिं लिथ्यन । थौंया बाय् न थन हे जुल । *क्रमशः*

# बुद्ध धर्मय् मैत्रीया बल

■ प्रेम लक्ष्मी तुलाधर

मैत्री थ्व खंग्वः थुलि बाँलाः, ग्यसुलाः, धिसिलाः कि धयां साध्य हे मजू। थ्व निगू शब्द हरेकयागु जीवनय् वा संसारया हरेक कुंकुलामय् थ्यंक मदयेक मगाःगु मतिना, माया, करूणा, दया न्हयागुयातं ल्वःगु खंग्वः खः। थ्व विना जीवनया मू छु नं मदु।

जिगु विचारय् "मै" धइगु सुयातं मयोगु धाय्‌मते। "त्री" धइगु फुकसित माया या। संसार धाथे धायेगु खः सा "मैत्री" दुने च्वनाः म्वानाच्वंगु फुकसितं भरोसा बियाच्वंगु छगू साधनया रूप धाःसां ज्यू। छाय् धाःसा गुम्हेसिके धर्म दई, वयाके व यायेज्यू थ्व यायेमज्यू धइगु प्रज्ञारूपी विवेक दइ, अले वं न्हयाबलें नं सीमानिगु लुमंकी। गुम्हेस्यां सीमानिगु लुमंकी वयाक यः मयो धइगु भाव दइमखु। अले फुकसितं समता भाव याना, मैत्री तया ज्या याई। अले फुकेसिनं वयात यई वं नं फुकेसित ययेका च्वने दई।

बुद्ध भगवानयागु हरेक वचनय् व्यवहारय् अतिकं प्रशंसनिय, प्रेरणादायक विश्वास, गौरव भयब्यूगु प्राणी मात्रया कल्याण जुइगु, भिं जुइगु मूल मन्त्र हे मैत्री भाव खः। मैत्रीया दुने दयाच्वनी निस्वार्थ भावं जायाच्वंगु आत्मीयता, राष्ट्रियता, थःगु देश प्रति वफादारीपहः, भातृत्व प्रेम सच्चा इमान्दारी। गुम्हेसिके थज्याःगु हृदय दई वं देश, समाज, संघ, संस्था आदि थासय् च्वनाः अराजकता अशान्ति, हत्याया वातावरणयात परास्त यानाः राष्ट्रियता, शान्ति, अहिंसायात कयच्यानाः सुसंगथित रूपं न्ह्याःवनेत ताः लाई। तर थुकिया लागि ल्यूल्यू वनीपिं फुकसिके बल्लागु धर्मया खिपः मैत्री चित्त दुपिं जुइमा, अले जक विकास जुई। थथे मजूगुलिंला थौं देश, जनता उखेला थुखेलाः मदुगु, जनतां दुःख स्यूगु। जनताया दुःख धइगु नं देश हांके यानाच्वपिनीगु हे दुःख खः। उपिं धाइपिं नं जनता हे खः। उमिसं यानाः देशप्रति वफादारी, मैत्री चित्त मदुगुलिं थौं देशय् हाहाकार जूगु। थौं ग्यास, मचिकं, लः, बिजुली मदु, कलकारखाना आदि बन्द। उद्योग बन्द जुल, ज्या मन्त, ध्यबा मन्त, ल्हाः म्हुतु ज्वरे यायत थाकुल। थ्व फुक्कं जूगु हे थः गथे खः अथे हे मेपिं नं खः धइगु भाव मदुगुलिं व मैत्री धर्म चित्त मदुगुलिं मनुतय्‌गु पहः बामलाःगुलि नं थथे जूगु खः।

मनुतय्‌गु पहःयात दुवालाः स्वत धाःसा समुद्रयागु लःथे तिफ्यानां तिफ्याये हे फइमखु। छाये धाःसां मनुत नं पूर्वसंस्कार अनुसार जन्म जूपिं जूगूलिं पहः नं फरक जुइगु स्वाभाविक हे जुल।

बुद्ध धर्म कथं मनूत प्यंगू प्रकारयापिं दइ।

मैत्री चित्त दुपिं मदुपिं प्यंगू प्रकारयापिं दइ–

१) थःत नं मेपिंत नं बालांकेगु स्वइपिं

२) मेपिंत जक बांलाकीपिं ३) थःत जक बांलाकीपिं

४) थःत नं करपिन्त नं स्यंकेगु स्वइपिं

थ्व प्यंगू प्रकारयापिं मनूत मध्यय् थःत नं करपिन्त नं बांलाकीपितं च्वय्‌यागु तहलय् तयातःगु दु। थःत नं करपिंत नं बांलाकेगु मस्वइपितं क्वय्‌यागु तहलय् तयातःगु दु। थ्व प्यंगू किसिमयापिं मनूतय्‌के नं प्यंगु गुण दइ–

१. बांलागु गुण, २. तसकं बांलागु गुण, ३. बांमलागु गुण, ४. तसकं बांमलागु गुण।

बांलागु अति बांलागु गुण मैत्री चित्त दुपिसं थःत नं बांलाकिगु, ताःलाकेगु स्वइ। मेपिंत नं बांलागु लंपुइ हयाःभिं यायेगु स्वइ। अज्याःपिं मनूतय्‌त देवताया तहलय् तई। गथेकि, अनाथपिण्डक महाजन व वया काय्। अनाथपिण्डक महाजनया काय् धइखं मन्यनीम्ह अत्तेरीम्ह जुयाच्वन। थः काय्‌यागु बानी बांलाकेत ध्यवायागु लोभ क्यना बुद्ध भगवानयागु उपदेश न्यंकेगु बानी यात। उपदेश न्यना थें ज्ञानी जुल।

मैत्री चित्त मदुपिं बांमलापिं व अति बांमलापिं मनूतय्‌सं थम्हं नं भिं याइमखु करपिंत नं भिंगु बांलाःगु सल्लाह बीमखु। अज्याःपिं मनुतयत् दानव दैत्य तय्‌गु तहलय् तइ। गथेकि, देवदत्त व अजातशत्रु। देवदत्तयागु सल्लाह कयाः अजातशत्रु थः बौ बिम्बिसार महाराजयात सास्ति याये फक्व सास्तियानाः स्याना छ्वत। देवदत्त नं भगवानयात स्यायेत स्वत। बुद्धधर्मय् व्यवहारिक रूपं स्वत धाःसा मैत्री चित्त लिसे प्रज्ञा, धर्म चित्त मद्‌येक मगाः। मैत्री धइगु हे लोक कल्याणकारी ज्या यानाः सत्‌मार्गय् न्ह्यज्यानाः प्राणिपिंत हित सुख जुइमा धकाः मनंतुना मैत्री भावना तयेगुयात धाई। थ्व अतिकं महत्वपूर्ण जुइ रहरेक प्राणीया जीवनय् चाहे पशु, पंक्षि की पतंग आदि हे छाय् मजुइमा।

मैत्री धइगु खंग्वः स्वयबलय् तसकं बांःलाः यइपुसे च्वं। अःपु थें च्वं। तर व्यवहारय् छ्‌यले तसकं थाकु। धर्म चित्त दुपिं, मैत्रीचित्त दुपिंके तं वइमखु क्षमादारी जुई। म्वाःल का धइगु भाव वई। नरम स्वभावं खं ल्हाना समस्या ज्यंकेगु याई। मैत्री धर्मचित्त मदुपिं तंकाली जुइ, क्षमादारी मजुसे न्ह्यागु याःसां न्ह्यागु धाःसां भर्के जुई



Downloaded from http://www.dhamma.digital

ब्व:बी तत: सतं हाली । अले अशान्ति जुइ थ:त नं कत:यात नं ।

बुद्ध वचन कथं मैत्रीया बल थुलि बल्ला: कि थुकि छम्ह हारांम्ह राक्षसयात नं ज्ञानी यायेगु क:धायेगु शक्ति दु । गथेकी अंगुलिमाल, नालागिरी किसी, विश्वामित्र व महर्षि वशिष्ठ आदिपिं थुकिं हे थासय् ह:गु ख: । हरेक थासय् शान्ति सुख आवश्यक जू । शान्ति धइगु गथे याना: दइ धका: बिचा: याना: स्वत धा:सा राग, द्वेष, क्लेश रहित स्वच्छ मन, मैत्रीपूर्ण व्यवहार व स्वभाव गन दई अन हे शान्ति नं दई । छेंखापतिं मैत्री भाव दुपिं मनू दत धा:सा अन छ्वँ नं शान्ति सुख दई । गथेकि ज्याखं ढंग दयक, कतिला: मजुसे ज्याखुनी पह मवयेक, बांलाक, मेपिंस या: ला मया:ला मस्वसे थ:गु धर्म कर्तव्य मत्व:तुसे सुचारु रूपं याना वन धासा अन मेपिं फुकसित नं सुख आनन्द दइ । थ:त नं मनय् शान्ति दइ । छें कतानाच्वंम्ह मुख्यम्ह मनू बिरामी जुल वा मन्त धा:सा छेंया ज्या खं सुथां लाइमखु । छाय्धा:सा अज्या:गु इलय् छेंय् कतिला:पाक: विचा: ब्वलनेफु । जिं जक याइ ला, वं नं याय्मा: का धइगु भाव ब्वलनी । थज्या:गु भाव ब्वलनेवं ल्वापु जुई । अले छेंय् अशान्ति जुइ । थ्व जूगु हे मैत्री प्रज्ञायुक्त भाव मदुगुलिं ख: ।

अथे जूगुलीं भीसं सुनापं तंमचासे चिचि धंगु खंय् मल्वासे, मैत्री चित्तं सम्भ्रेबुभ्रे याना: इर्ष्या व बदलाया भाव मतसे आत्मियतापूर्वक ज्याखं याना वनेमा: । बुद्धया ज्ञानयात ध्वाथुइका: मैत्री खँग्व: यात सार्थक यायेत थवंथवय् माया, दया, करुणा, प्रेमयात व्यवहार दुनुगलंनिसें छ्यला: थ:त थम्हं म्हसीका: भिंम्ह: निस्वार्थ भाव सहनशिलता व विश्वास यायेबह:म्ह जुइमा: । अले फुक्कनाप मिलेचले जुया च्वनेफुम्ह जुइमा: । थथे जूसा जक जीवन न्ह्यइपुक न्ह्या:वना सुख शान्ति दइ ।

बुद्धयागु मैत्रीया वलं विश्वया फुक्कं प्राणीयाके मैत्री युक्त प्रज्ञा-धर्म चित्त उत्पन्न जुया: भीगु नेपा: दे लिसें विश्वया सम्पूर्ण देशय् सुख व शान्ति जुइमा धइगु कामना यासे कविताया भासं थुलि भाव थन प्वंकाच्वना–

शान्ति शान्ति धका: हालां गनं दई शान्ति
शान्तिया लागिं हयेमा:गु दु क्रान्ति
क्रान्ति धइगु मखु हतियारया भ्रान्ति
थ्वला मनय् दुनेच्वंगु राग, द्वेष; क्लेश मोह,
चीकेगु शान्ति
देवा च्याकेवतुं, मैनमत च्याकेवं तु
होम यायेवं तुं जुइमखु शान्ति
शान्ति यायेत हयेमा:गु दु मनय्
मैत्री युक्त प्रज्ञाया ज्योति । ■

# बाल कविता

■ सरोज उदास, पोखरा-३

हामी साना साना नानी
पढी लेखि बनौं ज्ञानी ।
स्कूल हाम्रो ज्ञानको थलो
पढे लेखे हुन्छ भलो ।
पहिलो गुरु हाम्री माता
दोस्रो गुरु विद्यादाता ।
तेस्रो गुरु हाम्रा शास्ता
हामीसबका जीवन आस्था ।
अग्रजको सम्मान जानौं
अनुजलाई माया मानौं ।
वैरभावलाई सदा छोडौं
सबमा मैत्रीभाव जोडौं ।
हिमाल पहाड तराई राम्रो
सगरमाथा शीर हाम्रो ।
एसियाकै ज्योति राम्रो
बुद्ध जन्मभूमि हाम्रो ।
जन्मभूमी कर्मभूमी
पुण्यभूमी नेपाल हाम्रो ।
सुन्दर शान्त देश राम्रो
चन्द्र सूर्य निसान हाम्रो ।

- *"क्रोध नगर, अभिमान नगर, सबै बन्धनबाट पार तरेर जाउ, नाम रूपमा आशक्त नहुने परिग्रह रहित व्यक्तिलाई दु:ख सन्ताप हुने छैन ।"*
- *"जसले बढ्दै गएको क्रोधलाई रथ रोके झैं रोक्छ, उसैलाई साँच्चिको सारथी भन्दछु, अरू त केवल लगाम समात्ने मात्र हुन् ।"*
- *"क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्यवादीलाई सत्यले जित्नु ।"*

*– धम्मपद*

# धर्मकीर्ति विहार

## गतिविधि

*२०६५ बैशाख ७ गते। स्थान- धर्मकीर्ति विहार।*

**विषय- मंगल सुत्त**

*प्रस्तुती- सुमीत्रा तुलाधर*

यसदिन श्रद्धेय सुजाता गुरुमांले मंगल सुत्त विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– वचनपथ ६ प्रकारका छन्–

(१) सामयिक असामयिक (२) नरम, कडा वचन (३) काम लाग्ने वेकारको वचन (४) मैत्रीपूर्ण र अरूलाई घोचपेच गरी दोषारोपण गर्ने वचन (५) सत्य र असत्य वचन (६) कसैलाई फाइदा पुऱ्याई गरिने वचन र फाइदा नपुऱ्याई गरिने वचन।

*यस संसारमा ४ प्रकार व्यक्तिहरू छन्–*

(१) सुवच स्वभाव– आज्ञाकारी स्वभावका व्यक्ति (२) दुवचो स्वभाव– अदव नभएका अनुशासनहीन अट्टेरी स्वभाव। (३) स्वविवेक बुद्धी प्रयोग गर्ने स्वभाव– अरूको मुख नताकी आफ्नै स्वविवेकले बुद्धि पुऱ्याई काम गर्ने क्षमता भएको। (४) स्वविवेक बुद्धी प्रयोग गरे पनि ढङ्गरङ्ग नभएका विसिद्धी खालको व्यक्ति।

*वचनबाट आदर गर्नयोग्य व्यक्तिहरू ४ प्रकारकाछन्–*

(१) बुद्ध श्रावक संघ गुरु (२) आमाबाबु (३) आफूभन्दा उमेरले ज्येष्ठ (४) आफू भन्दा बुद्धि र ज्ञानले ज्येष्ठ व्यक्ति।

**अंगुत्तर निकाय**

*२०६५ ज्येष्ठ ११ गते। प्रस्तुती: सुमीत्रा तुलाधर*

*स्थान- धर्मकीर्ति विहार, श्रीघ: नःघः*

*प्रवचक- मदनरत्न मानन्धर*

यस दिन प्रा. मदनरत्न मानन्धरले अंगुत्तर निकाय विषयलाई प्रस्तुत गर्नुहुँदै भन्नुभयो– भगवान बुद्धले देशना गर्नुभएको त्रिपिटक यसरी रहेको छ– (१) सूत्र पिटक (२) बिनय पिटक (३) अभिधर्म पिटक। यी ३ वटा पिटकहरूलाई त्रिपिटक भनिन्छ। यसमा भगवान बुद्धले दिनुभएका उपदेशहरूलाई ८४,००० स्कन्ध (समूह) रूपमा उल्लेख गरिएका छन्। बुद्धले समयमा सुन्ने र बुझाउने मात्रमा सिमित भइरहेको थियो। तर लिखित रूपमा थिएन। पछि यसलाई लिपिबद्ध रूपमा लेखियो। यी सबैलाई प्रत्यक्ष अनुभव ज्ञान प्राप्त गर्नुनै बुद्ध शिक्षा सिक्नु हुनेछ। सुत्र पिटक मा ५ निकाय् छन्–

१) दीघ निकाय (९–११) ग्रन्थ
२) मज्झिम निकाय (१२–१४) ग्रन्थ
३) संयुक्त निकाय (१५–१९) ग्रन्थ
४) अंगुत्तर निकाय (२०–२४) ग्रन्थ
५) खुद्दक निकाय (२५–३३) ग्रन्थ

| | |
|---|---|
| १) एक्क निपात | २० औं ग्रन्थ |
| २) दुक निपात | २० औं ग्रन्थ |
| ३) तिक निपात | १८ औं ग्रन्थ |
| ४) चत्तुक्क निपात | २१ औं ग्रन्थ |
| ५) पञ्चक निपात | " |
| ६) छक्क निपा | २२ औं ग्रन्थ |
| ७) सत्तक निपात | " |
| ८) अट्ठक निपात | २३ औं ग्रन्थ |
| ९) नवक निपात | " |
| १०) दसक निपात | २४ औं ग्रन्थ |
| ११) एकादसक निपात | " |

अंगुत्तर निकायमा रहेका एक निपातमा २० वटा वर्गहरू यसरी रहेका छन्–

१) रूप आदि वर्ग, २) नीवरण प्रहाण वर्ग
३) अकर्मनीय वर्ग, ४) अदमन वर्ग
५) प्रणिहित स्वच्छ वर्ग,
६) अच्छरा संघात (चुटकिन्यायेकेगु वर्ग)
७) वीर्यारम्भ आदि वर्ग, ८) कल्याण मित्र आदि वर्ग
९) प्रमाद वर्ग, १०) निगूगु प्रमाद वर्ग
११) अधर्म वर्ग, १२) अनापत्ति वर्ग
१३) छम्ह पुदगल, १४) अग्रतम (एतदग्ग)
१५) असम्भव वर्ग, १६) एक धम्म पाली वर्ग
१७) प्रसादकर, १८) मेगु चुटकि न्यायेकेगु
१९) कायगता स्मृति वर्ग, २०) अमृत वर्ग

**योगाभ्यास तालिम सम्पन्न**

*२०६५ ज्येष्ठ २१ गते, स्थान- धर्मकीर्ति विहार।*

२०६५ पौष ११ देखि ४ महिनासम्म धर्मकीर्ति विहारमा प्रशिक्षार्थीहरूलाई योगाभ्यास तालिम सञ्चालन गर्नुहुने श्री करणसिंह र यस कार्यमा सहयोग पुऱ्याउनु हुने भारतिय राजदूतावासका संस्कृति एवं प्रेस सम्बन्धी प्रथम सचिव गोपाल वाग्लेलाई धर्मकीर्ति स्वास्थ्य कमिटी धर्मकीर्ति विहारको तर्फबाट एक कार्यक्रम संचालन गरी सम्मान गरिएको छ।

**भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्मोत्सव सम्पन्न**

*२०६५ ज्येष्ठ ३२ गते, शनिवार।*

भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्मोत्सवको उपलक्ष्यमा २०६५ ज्येष्ठ २५ गतेका दिन लोचनतारा तुलाधरको संयोजकत्वमा बाल चित्रकला तथा लेखनकला प्रतियोगिता सुसम्पन्न गरिएको थियो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सम्पन्न भएको उक्त कार्यक्रममा जम्मा ७३ जना बालबालिकाहरूले भाग लिएको कुरा बुझिन आएको छ। ती मध्ये चित्रकला प्रतियोगितामा ८ देखि १० वर्षसम्मका




Downloaded from http://www.dhamma.digital

जम्मा ५१ जना बालबालिकाहरूले भाग लिएका थिए । चित्रकलाको शिर्षक यसरी रहेको थियो– "धर्मको नाममा बलि दिन हुँदैन" । चित्रकला प्रतियोगितामा भागलिने विद्यार्थीहरूलाई ६ वर्षदेखि ८ वर्षसम्मको र ९ वर्षदेखि १० वर्षसम्मको गरी जम्मा २ समूहमा विभाजन गरिएको थियो । ती दुबै समूहलाई छुट्टा-छुट्टै मूल्यांकनगरी प्रथम, दुतिय, तृतीय र सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । यसरी चित्रकला प्रतियोगितामा विजयी विद्यार्थीहरूको नामावली यसरी रहेकाछन्–

*६ देखि ८ वर्ष समूह*

प्रथम- सिर्वा तुलाधर, द्वितीय- विमुत्ती तुलाधर, तृतीय- सम्यक श्रेष्ठ । सान्त्वना पुरस्कार–

*६ वर्ष देखि १० वर्ष समूह*

प्रथम- रहिलमान तुलाधर, द्वितीय- अनिस महर्जन, तृतीय- नविन शाक्य, सान्त्वना पुरस्कार- आभूषणमान सिंह तुलाधर। चित्रकला प्रतियोगिताका निर्णायक- किरण चित्रकार रहनुभएको थियो। यसरी नै बौद्ध लेखनकला प्रतियोगितामा जम्मा २२ जना बालबालिकाले भाग लिएका थिए ।

११ वर्ष देखि १४ वर्ष सम्मका बालबालिकाहरूले भाग लिएको यस प्रतियोगिताको शिर्षक "बुद्धकालिन भन्तेहरू सारीपुत्र, मौद्गल्यायन र आनन्द" राखिएको थियो । करीब २५० शब्दमा लेखिनुपर्ने यस प्रतियोगितामा विजयी बन्न सफल बालबालिकाहरू यसरी रहेका थिए–

(१) प्रथम- अनुप मुनिकार, (२) द्वितीय- शिल्पा पनेरू (३) तृतीय- मनिषा शाक्य, (४) सान्त्वना- सितु मानन्धर ।

लेखनकला प्रतियोगिताका निर्णाक त्रिरत्न मानन्धर रहनुभएको थियो ।

२०६५ ज्येष्ठ ३२ गतेका दिन भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्मोत्सव समारोह श्यामलाल चित्रकारको संयोजकत्त्वमा संचालन भएको थियो ।

भिक्षु बोधिज्ञानको प्रमुख आतिथ्य एवं वीर्यवती गुरुमांको सभापतित्त्वमा संचालित यस कार्यक्रममा प्रमुख अतिथीज्यूको तर्फबाट पञ्चशील प्रार्थना गराइएको थियो । अध्ययन गोष्ठीका सल्लाहकार डा. सुमनकमल तुलाधरले स्वागत भाषण गर्नुहुँदै सहभागी प्रतियोगी बालबालिकाहरूलाई अष्टलोक धर्मबाट आफ्नो मनलाई कम्प नपार्न सल्लाह दिनुभएको थियो ।

कार्यक्रमलाई रोचक बनाउन शनी तुलाधर र निश्चल प्रधानले सुमधुर गीतार बजाई आफ्नो कला प्रदर्शन गर्नुभएका थिए ।

लेखनकला प्रतियोगिताका निर्णायक त्रिरत्न मानन्धर ले लेखन कला नतिजा प्रस्तुत गर्नुहुँदै निर्णायक रूपमा भूमिका खेल्दाको आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो भने चित्रकला प्रतियोगिताका निर्णायक किरण चित्रकारले पनि चित्रकलाको नतिजा प्रस्तुत गर्नुहुँदै निर्णायकको रूपमा भूमिका खेल्दाको आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

निर्णायक मण्डलका महानुभावहरूलाई सम्झनाको चिनो एवं विजयी एवं सहभागी बालबालिकाहरूलाई प्रमाणपत्र र पुरस्कार प्रमुख अतिथी भिक्षु बोधिज्ञानबाट प्रदान गराइएको उक्त समारोहमा शुभवती गुरुमांले धर्मोपदेश दिनुभएको थियो भने श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यसरी नै लेखनकला प्रतियोगितामा प्रथम हुने सफल अनुप मुनिकार , जगतसुन्दर ब्वनेकुथीले आफ्नो लेख पढेर सुनाउनुभएको थियो ।

यसरी नै प्रमुख अतिथी बोधिज्ञान भन्तेले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने सभापतीको आसनबाट वीर्यवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

यससमारोह सम्पन्न गर्नको लागि विभिन्न महानुभावहरूबाट आर्थिक एवं अन्य बस्तुहरू चन्दास्वरूप प्रदानगरी सहयोग गर्नुभएका थिए–

फर्मबाट रु. १५००/–; बहिनी समूह रु.२०००/–; ध.की.अ.गो.का सदस्यहरू रु. ९०५/–; चमेली गुरुमां रु. १०००/–; शर्मिला भुर्तेल रु. ५००/–; गौतमी कसा: रु. २२०/–; श्रावस्ती तुलाधर – रु. भगवान प्रतिमा, रीना तुलाधर– विस्कुट, सरोजकुमार तुलाधर– कोक, ग्लास, प्लेट; अदिस राजकर्णिकार, आरिस राजकर्णिकार, मास्टर बेकरी– २०० जना ज्यक्तिहरूलाई केक; Nepal Bottlers बाट Coke, Fanta। श्यामलाल चित्रकार – चित्रकलालाई पुरस्कार ।

## विषय– मानिसहरूको रत्न नै प्रज्ञा हो

*२०६५ ज्येष्ठ २५ गते ।* यस दिन श्रद्धेय अनुपमा गुरुमाले मानिसको रत्न नै प्रज्ञा हो अर्थात् प्रज्ञा नै मानवको उत्तम रत्न हो भन्ने विष्यमा प्रवचन दिनु भएको थियो । यस क्रममा उहाँले भन्नुभयो– बुद्ध शिक्षा अनुसार मानिसको रत्न नै प्रज्ञा हो । साधारण भाषामा रत्न भनेको बुहमूल्य वस्तुलाई लिइन्छ तर यहाँ रत्न भनेको प्रज्ञा अथवा विशेष ज्ञान हो । यथार्थ रूपमा सही गलत छुट्टयाउने ज्ञान हो । जुन चोरले चोरेर लिन सक्दैन । प्रज्ञा भयो भने मात्र चतुआर्य सत्यको ज्ञान राम्रोसँग प्राप्त गर्न सक्दछ। चतुआर्य सत्य भन्नाले– १) दु:ख सत्य, २) दु:ख समुदय सत्य, ३) दु:ख निरोध सत्य, ४) दु:ख निरोध गामिनि प्रतिपदा आर्य सत्य ।

प्रज्ञाको ज्ञान भएकोले यो सत्य राम्रोसँग व्यवहार मा उतार्न सक्छ। प्रज्ञा भनेको अन्धारलाई हटाएर उज्यालो

ल्याउने ज्ञान हो । प्रज्ञाको बलले सबै अन्धकारहरू नष्ट भएर जान्छ। प्रज्ञा भयो भने आर्य अष्टांगिक मार्ग राम्रोसँग बुझेर लिन सकिन्छ । आर्य अष्टागिंक मार्ग

१) सम्यक दिट्ठी, २) सम्यक संकल्प, ३) सम्यक वाचा, ४) सम्यक कर्मान्त, ५) सम्यक आज़ीविका, ६) सम्यक व्यायाम, ७) सम्यक स्मृति, ८) सम्यक समाधि

प्रज्ञा मित्र आर्य अष्टांगिक मार्गको सम्यक दिट्ठी र सम्यक संकल्प पर्दछ । सम्यक दिष्टी भन्नाले ठीक तरिकाले बुझ्नु र सम्यक संकल्प भन्नाले ठीक उपदेश लिनु हो । त्यसैले हामीले सुनेर, पढेर, हेरेर भावना गरेर मात्र पज्ञा प्राप्त गर्न सकिन्छ। यस प्रकारको प्रज्ञा मानिसमा भयो भने मात्र हाम्रो उन्नति र प्रगति हुन्छ। त्यसैले हाम्रो भलो यसैमा छ कि हामीले प्रज्ञालाई सही रूपले जानेर त्यसलाई व्यवहारमा उतार्नु पर्छ । हामीले हाम्रो जीवन सफल र सुखमय बनाउन प्रज्ञाको ठूलो भूमिका हुन्छ । प्रज्ञा विना हाम्रो जीवन नरक समान हुन्छ ।

अन्त्यमा प्रज्ञा हाम्रो जीवनमा नभई नहुने रत्न हो । प्रज्ञाको रत्न लिएर गएपछि हामी अनन्तकालसम्म पनि सुखसँग बस्न पाउँछौं । बहुमूल्य बाहिरको रत्न भन्दा हामी भित्रको प्रज्ञाको रत्न एकदम महत्त्वपूर्ण छ। प्रज्ञाको रत्नले हामीलाई आनन्दै आनन्द र सुखै-सुख दिन्छ ।

*२०६५ आषाढ ७ गते । स्थान- धर्मकीर्ति विहार, श्रीघः*

**विषय- मंगल सुत्त विषय छलफल ।**

यसदिन केही कारणवस श्रद्धेय सुजाता गुरुमांको अनुपस्थितिको कारणले सो विषयमा छलफल कार्यक्रम भएको थियो । यस कक्षाको संचालिका श्रद्धेय इन्दावती गुरुमांले छलफल भएको सुत्रहरूको व्याख्या गर्नुभयो । सो छलफल कार्यत्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी कक्षामा उपस्थित सहभागीहरूले नै भाग लिनुभएको थियो। भागलिने सहभागीहरूमा अमीरकुमारी शाक्य, विजय शाक्य, मथुरा शाक्य र मीनरवती तुलाधर थिए ।

**निःशुल्क योगा प्रशिक्षण शिविर समापन समारोह**

*२०६५ असार १३ गते । स्थान- धर्मकीर्ति विहार ।*

भिक्षुणी धम्मवतीको ७४ औं जन्मोत्सवको उपलक्ष्यमा दिव्यज्योति समूह नेपालद्वारा संचालित साप्ताहिक (२०६५ असार ५-११) निःशुल्क योगा प्रशिक्षण शिविर सम्पन्न भएको उपलक्ष्यमा भिक्षुणी धम्मवतीको प्रमुख आतिथ्यमा समापन समारोहको आयोजना गरिएको थियो। दिव्य ज्योति समूहका संस्थापक अध्यक्ष श्री गोपाल प्रधानले संचालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति विहारमा योगा प्रशिक्षार्थी गुरुमांहरूलाई दिव्यज्योति समूहबाट खाता ओढाई अभिनन्दन गरिएको थियो ।

यसको साथै उक्त समूहबाट प्रमुख अतिथी धम्मवती गुरुमांलाई स्वस्थ्य एवं दीर्घायुकामना गरी अभिनन्दनपत्रका साथै उपहारहरू पनि चढाइएको थियो । यसकोसाथै अन्य गुरुमांहरूलाई पनि उपहारहरू चढाइएको थियो । उक्त कार्यक्रममा धम्मवती गुरुमांबाट योगध्यान विषयक सिडि र पुस्तक पनि विमोचन गरिएको थियो । यसको साथै प्रमुख अतिथि धम्मवती गुरुमांकोतर्फबाट दिव्यज्योति समूहका कार्यकर्ताहरूलाई उहाँहरूको कार्यको कदर स्वरूप कदरपत्र प्रदान गराइएको थियो भने प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र पनि वितरण गर्नुभएको थियो ।

योगा प्रशिक्षार्थी लक्ष्मीहीरा तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा योगा प्रशिक्षक डा. गोपाल प्रधानले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा दिव्यज्योति समूहको तर्फबाट धर्मकीर्ति विहारका गुरुमांहरू लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण प्रशिक्षार्थीहरूलाई जलपान व्यवस्था गरिएको थियो ।

**थिथि थासय् धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत**

*(१) २०६५ ज्येष्ठ २५ गते ।* धर्मकीर्ति ज्ञानमाला भजनया दुजः छोरी महर्जनया जहान धर्म सहर्जनया ५७ दँ बुदिंया लसताय् भल्नी ब्रम्हटोलय् पूज्य धम्मवती गुरुमां पाखें बुद्धपूजा, धर्मदेशना लिसे धर्मकीर्ति भजन जूगु जुल । धम्मवती गुरुमां पाखें भजनया लुमन्ति चिं उपहार खादा कोखाय्का सम्मानयाना विज्यात । वयकपिं पाखें २५५२/- दाँ गुहालीया रूपे भजनयात प्रदानयाना दिल । जलपान भोजनयागु व्यवस्था नं याना दिल ।

(२) धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया उद्देश्य अनुरूप नेपाःया हरेक थाय् थासे वना बुद्ध धर्मया ज्ञान व बुद्ध भगवानयागु सद्उपदेशयात संगीतयागु माध्यमं ज्ञानमाला में हाला प्रचार-प्रसार यायगु ज्याः ज्वना २०६५ ज्येष्ठ ३१ गते निसें श्रावण २ गते तक पूज्यनिय धम्मवती गुरुमांयागु नेतृत्वय् ज्याङ्वः सम्पन्न जुल । पोखराय् शान्ति स्तुपय् बुद्धपूजा धर्मउपदेश लिसें ज्ञानमाला भजन नं जूगु जुल । अथेंतुं न्हूगु दयकूगु देवाचारीकीर्ति विहार बुटवले पूज्यनिय धम्मवती गुरुमांयागु करकमलं समुद्घाटनयाना विज्यागु उगु दिनस धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत जूगु खः ।

लुम्बिनी परियत्ति जाँचय् पास जूपिं १४० म्ह परिक्षार्थीपिन्त पूज्य अश्वघोष भन्ते, धम्मवती गुरुमां पाखें पुरस्कार वितरण समारोहलय् न धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल ।

उपाध्यक्ष श्री जुजूभाई शाक्ययागु गोशाले निग बसयागु व्यवस्था व जलपान भोजनयागु व्यवस्था जूगु खः । सकल उपासक-उपासिकापाखें पोखराय् शान्तिस्तुपय् ३,३९४/- दां चन्दा स्वरूप गुहाली यानादीगु खः ।

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक
## नाफा नोक्सान हिसाब
### २०६४ बैशाख देखि चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | | क्र.सं. | आम्दानी | रकम | |
|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६३ | | | २०६४ | २०६३ |
| १. | कागज खर्च | ८१,३४१.०० | ७५,२७८.०० | १. | ग्राहक शुल्क | १०७,८५०.०० | १११,५२१५.०० |
| २. | छपाई खर्च | १२४,३२५.०० | १२३,३८२.०० | २. | विज्ञापन आम्दानी | ३६,८३५.०० | ४९,०९२.०० |
| ३. | मशलन्द खर्च | ३,८४२.०० | १,३६७.०० | ३. | व्याज प्राप्त | ५९,६६७.१३ | ५६,५७०.५८ |
| ४. | हुलाक खर्च | १२,२०४.०० | १२,३४६.०० | ४. | दान वा चन्दा | १,३०५.०० | - |
| ५. | ढुवानी खर्च | १,३४०.०० | १,९५५.०० | ५. | पत्रिका बिक्री | ७५६.०० | - |
| ६. | कार्यालय खर्च | ३,६००.०० | ३,६००.०० | ६. | नपुग रकम पुँजीमा घटाएको | २०,९६८.८७ | १,९५५.४२ |
| ७. | फुटकर खरिद | २१०.०० | ४३०.०० | | | | |
| ८. | कमिशन | | २५.०० | | | | |
| ९. | विशेष सदस्य फ्रेम | ५२०.०० | ७६०.०० | | | | |
| १०. | बाँकी रकम पूँजीमा सारिएको- | | - | | | | |
| | | २२७,३८२.०० | २१९,१४३.०० | | | २२७,३८२.०० | २१९,१४३.०० |

## धर्मकीर्ति बौद्ध मासिक
## वासलात
### २०६४ चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | | क्र.सं. | आम्दानी | रकम | |
|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६३ | | | २०६४ | २०६३ |
| १. | पूँजी | ८४८,७४१.९२ | ८२८,६७५.३४ | १. | नेपाल बैंक लि. कान्तिपथ | ७२,९०६.११ | १०६,६३५.४७ |
| २. | विशेष सदस्य | ३१,५१८.०० | २२,०२२.०० | २. | नेपाल बैंक लि. क्षेत्रपाटी | १४,०५४.५३ | १३,८१८.६१ |
| ३. | बाँकी रकम पूँजीमा सारिएको | (२०,९६८.८७) | (१,९५५.४२) | ३. | मुद्दती खाता | ७००,०००.०० | ७००,०००.०० |
| | | | | ४. | पाटन फाईनान्स | ७०,१०७.८७ | ११,८५७.२९ |
| | | | | ५. | कागज मौज्दात | (१,८९२.४६) | १४२७४.५५ |
| | | | | ६. | सानो नगदी कोष | ३,११५.०० | १,१५६.०० |
| | | | | ७. | धरौटी | १,०००.०० | १०००.०० |
| | | ८५९,२९१.०५ | ८४८,७४१.९२ | | | ८५९,२९१.०५ | ८४८,७४१.९२ |

## २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न

**१) निशुल्क आँखा शिविर**

*२०६५ जेठ ११, जयकीर्ति महाविहार थथुबही, भक्तपुर।* २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा मैत्रेय युवा संघ भक्तपुर ले निशुल्क आँखा शिविर सम्पन्न गरेको समाचार छ। करीब ३७५ जना आँखाका रोगीहरूले उपचार सेवा प्राप्त गरेको उक्त शिविरमा २८ जना व्यक्तिहरू मोति विन्दुका रोगीहरू थिए। ती २८ जना मध्ये १८ जनालाई तीलगंगा अस्पतालमा नि:शुल्क अपरेशन गरी सकुसल घर पठाइएको थियो। उक्त शिविरमा सामुदायिक आँखा केन्द्र भक्तपुरका प्राविधिक रामकृष्ण श्रेष्ठ, परशुराम भट्टराई, राजन श्रेष्ठ, भाइ शरण, अञ्जु देउवा आदिले सेवा प्रदान गर्नु भएका थिए भने उक्त शिविरमा नि:शुल्क औषधि पनि वितरण गरिएको थियो। शिविरमा टोलका जेष्ठ महिला ७९ वर्षिय पञ्चमाया वज्राचार्यलाई आँखा परिक्षण गरी शिविर शुभारम्भ गरिएको थियो।

आँखा शिविर सम्पन्न गर्नको लागि रुद्र चित्रकारको संयोजकत्वमा संघका अन्य ४० जना सदस्यहरूले मैत्रीपूर्ण भावनाले स्वयं सेवक भई सेवा गरेका थिए।

**२) जेठ ५ गते, म्याग्दी वेनी**

मगर महिला बौद्ध सेवा समाजको संयोजकत्वमा म्याग्दी अस्पतालमा उपचारार्थ रहनु भएका बिरामीहरूलाई सीघ्र स्वास्थ्य लाभको कामना गरी फलफुल वितरण।

**जेठ ६** – महिला बौद्ध संघ बेनीको संयोजकत्वमा बेनीको चैत्य परिसरमा बुद्धपूजा, धर्मदिशना र ज्ञानमाला भजन सम्पन्न। काठमाडौंबाट पाल्नु भएका श्रद्धेय भिक्षु अमतोबाट धर्मदिशना।

युवा बौद्ध संघको संयोजकत्वमा "सवल व्यक्तित्वको लागि पञ्चशील" विषयक अन्तर मा.वि. स्तरिय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न।

**जेठ ७** – विहान शान्तिपदयात्रा र मूल कार्यक्रम सम्पन्न। मूल समारोह समितिका संयोजक म्याग्दी बौद्ध संघका अध्यक्ष श्री यजन लाल शाक्यले सभापतित्व र प्र.जि.अ. भरत पौडेलको प्रमुख अतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा महिला बौद्ध संघ वेनीको सहयोगमा असहाय विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण, वक्तृत्वकला प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण, मगर महिला बौद्ध सेवा समाजले मगर समुदायका महिलाहरू बुद्ध शिक्षा सिक्न प्रेरणा दिने व्यक्तित्व श्री नरबहादुर थापा मगरलाई सम्मान लगायत सुदर्शन कुमार श्रेष्ठ, हीरा के.सी र श्री प्रकाश कुमार श्रेष्ठ आदिको शुभकामना मन्तव्य र श्रद्धेय भिक्षु उत्तमोबाट धर्मदेशना गर्नु भएको थियो। यसरी नै प्रमुख अतिथी श्री भरत पौडेल र सुविन श्रेष्ठले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रम याम शाक्यले संचालन गर्नुभएको थियो।

ज्ञानमाला भजन पछि मगर संघ र तमु समाज म्याग्दीले जलपानको व्यवस्था गरिएको थियो। सो पश्चात् छन्त्याल संघ म्याग्दीको संयोजकत्वमा वेनी बजारमा रथयात्रा पनि गरिएको थियो।

**३) म्याग्दी जिल्लाको विकट गाउँ चिमखोलामा बुद्ध पूजा** लगायत अन्य विभिन्न रोचक कार्यक्रमहरू संचालन गरी २५५२ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ। सो अवसरमा त्यस गाउँमा भगवान् बुद्धको प्रतिक भव्य चैत्य बनाउने लक्ष्य राखी बुद्ध शिक्षा प्रचार गर्दै घर घरमा बुद्ध झण्डा फहराउनुका साथै सबैसंग सहयोग माग गरी लक्ष्य पूरा गर्ने निर्णय गरिएको कुरा बौद्ध सेवा समिति चिमखोलाले म्याग्दी बौद्ध संघ बेनीलाई जानकारी गराइएको कुरा थाहा हुन आएको छ।

**४) रत्नेचौर –**

म्याग्दी जिल्लाको रत्ने चौरमा श्री तीलक थापा मगरको सक्रियतामा त्यस गाउँका श्रद्धावान् महानुभावहरूले बुद्ध पूर्णिमा महोत्सव मनाउने जमर्को गर्दा विभिन्न ठाउँबाट आवश्यक सहयोग प्राप्त भएकोले सो कार्यबाट उत्सुकता बढेर त्यस गाउँमा पनि भगवान् बुद्धको प्रतिक चैत्यको आवश्यकता महसूस गरी यसको लागी उपयुक्त जग्गा प्राप्त गर्न अन्य सहयोग जुटाउन तदर्थ समिति गठन गरिएको कुरा थाहा हुन आएको छ।

**५) बौद्ध जनविहार सुनागुठी**

२५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बौद्ध जन विहार सुनागुठी ललितपुर ले बैशाख ३० गते देखि दश जना उपासिकाहरूलाई ऋषिणी प्रव्रज्या गरी अन्य विभिन्न कार्यक्रमहरू पनि यसरी सम्पन्न गरिएको समाचार छ।

जेठ ४ गते सुधम्माराम विहार क्वबहा: ललितपुरको सहयोगार्थ, गुरुमांहरू अनुपमा, अमरावती, धम्मचारी र अन्य गुरुमांहरू लगायत ऋषिणीहरू ले सुनागुठीमा भिक्षाहरू गर्नुभएका थिए।

जेठ ६ गते बेलुकी सुनागुठी गाउँ लगायत बौद्ध जन विहारमा दिपावली गरिएको थियो।

## विभिन्न परियत्ति केन्द्रहरूमा पुरस्कार वितरण समारोह सम्पन्न

बु.सं. २५५१ औं समूहको बौद्ध परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई सम्बन्धित केन्द्रहरूले पुरस्कार वितरण गरेको समाचार यसरी प्राप्त भएका छन्।

*१) धर्मकीर्ति विहार बौद्ध परियत्ति केन्द्र श्रीघ: न:घ:–*

*२०६५ असार ७ गते।* यसदिन भिक्षुणी धम्मवतीको सभापतित्वमा पुरस्कार वितरण समारोह संचालन गरिएको थियो। भिक्षु आनन्दको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा श्रीमती कीर्ति तुलाधरले स्वागत भाषण गर्नुभएको थियो भने चमेली गुरुमांले केन्द्रद्वारा संचालित परियत्ति शिक्षाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। यसरी नै लोचनतारा तुलाधर



Downloaded from http://www.dhamma.digital

ले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा धम्मवती गुरुमांले सभापतिको आशनबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएको थियो भने भिक्षु आनन्दले प्रमुख अतिथीका आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो।

यस पुरस्कार वितरण समारोह सफल पार्नका लागि यसपालि यथा श्रद्धा चन्दा प्रदान गर्नुहुने दाताहरूको नाम यसरी रहेका छन्– रु. १०००/- वा सो भन्दा बढि चन्दा प्रदान गर्नुहुने दाताहरू– १) चम्पातता पुचः धर्मकीर्ति, २) कृष्णदेवी, कालधारा, ३) करणदेवी पुचः धर्मकीर्ति ४) पुलां पुचः धर्मकीर्ति, ५) राजेस श्रेष्ठ, ६) शोभा श्रेष्ठ, ७) हीरा लक्ष्मी, ८) कमला, ठमेल, ९) अमोधलक्ष्मी, १०) मीना तुलाधर।

रु. १०० देखि ८०० सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– (१) चरी दिल्लीबजार, (२) लक्ष्मी मानन्धर, (३) जोति रत्न, (४) चक्र हीरा (५) मैंया तता, (६) तारा शोभा, (७) हीरा देवी पकनाजोल, (८) न्हूगु पुचः, (९) कीर्ति मैंया पुचः, (१०) रत्न देवी मानन्धर, (११) विजय लक्ष्मी इतुम्वहाः, (१२) लक्ष्मीहीरा स्थापित, (१३) सविता तुलाधर, (१४) सुभद्रा इतुम्वहाः, (१५) पूर्णशोभा बनिया, (१६) रत्नदेवी महर्जन, (१७) शील-तारा, (१८) केशरी लक्ष्मी, (१९) दानछोरी शाक्य, (२०) चन्द्रशोभा तलाछी, (२१) प्रभावती ज्याठा, (२२) अष्टदेवी, (२३) अनुपमा, (२४) संघवती, (२५) बुद्धरत्न, (२६) लक्ष्मी कुमारी, (२७) बेखामाया ठमेल, (२८) हीरा शोभा, (२९) राधा मानन्धर, (३०) रुपतता, (३१) चिनीमाया, (३२) भीमदेवी शाक्य, (३३) हीरादेवी ठमेल, (३४) मेजुलानी, (३५) ज्ञानशोभा, (३६) श्याममान वज्राचार्य, (३७) चन्द्र देवी वज्राचार्य, (३८) विपस्सना शाक्य, (३९) ताराशोभा।

रु. १० देखि रु. ६० सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– (१) अमृत लक्ष्मी, (२) ईश्वरी, (३) कृष्णदेवी, (४) प्रतिमा, (५) सीता लाजिम्पाट, (६) सरण डल्लु, (७) नानी पकनाजोल, (८) दानदेवी प्रजापति, (९) रूपशोभा, (१०) मोनदेवी ठमेल, (११) रत्नदेवी त्यौड, (१२) लोचन देवी वटु, (१३) दानमाया वनस्थली, (१४) जोगमाया, (१५) सानुनानी मैया, (१६) लक्ष्मी शोभा, (१७) धनमाया, (१८) हीरा लानी, (१९) कृष्ण कुमारी, (२०) पूर्ण देवी, (२१) नानी मयुजु, (२२) सुभद्रा ज्याठा, (२३) सुर्जदेवी थापमदु, (२४) इन्द्रमाया ढल्को, (२५) रत्नदेवी थापमदु, (२६) दश माया, (२७) पद्म लक्ष्मी, (२८) अमोध लक्ष्मी, (२९) चन्द्रमाया ज्याथा।

वस्तुहरू उपहारको लागि चन्दा प्रदान गर्नुहुने दाताहरूको विवरण– १) पूर्णहीरा पुचः–कापि १२ दर्जन; २) लक्ष्मी नानी न्यतः पुचः–कापी ४ दर्जन; ३) चिनी तता ध.की–बुद्ध झण्डा ८० वटा; ४) श्याममान वज्राचार्य–मैत्री बोधिसत्व तस्विर- १० वटा; ५) धर्मकीर्ति विहारका सम्पूर्ण गुरुमांहरू रुमाल, छाता, टूथपेष्ट, सावुन, टूथब्रस आदि।

यसरी नै परियत्ति पुरस्कार वितरण कोषको लागि चन्दा दिनहुने दाताहरू र रकमको विवरण–

१) सानुरत्न, लक्ष्मीशोभा स्थापित रु. १,००,०००/–
२) दानकेशरी शाक्य - रु. ५५००/-
३) पुष्पादेवी - रु. ५०००/-, ४) राजेस श्रेष्ठ - रु. ५०००/-

दाता महानुभावहरूलाई धर्मकीर्ति शिक्षाकेन्द्रले साधुवाद व्यक्त गरेको छ।

*२) गौतमी विहार परियत्ति केन्द्र–*

*२०६५ असार १ गते।* गौतमी विहार परियत्ति केन्द्र, लुम्बिनीमा भिक्षुणी धम्मवतीको सभापतित्वमा एवं भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह संचालन गरिएको थियो। उक्त समारोहमा भिक्षु कोण्डञ्ञले परियत्ति विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

लुम्बिनी स्थित गौतमी विहार, मैत्री स्कूल, मधुवनी नि.मा.वि. लगायत लिङसन विहारमा परियत्ति शिक्षा संचालन हुँदै आइरहेको कुरा उक्त समारोहबाट थाहा हुन आएको छ।

उक्त पुरस्कार वितरण कार्यक्रमका लागि सहयोगार्थ मैत्री बोधिसत्व महाविहारमा थुप्रै उपासकोपासिकाहरूको तर्फबाट रकम चन्दा स्वरूप प्रदान गरेका थिए। यसको विवरण तल उल्लेख गरिएको छ।

रु. १००० वा सो भन्दा बढि चन्दा प्रदान गर्नु हुने दाताहरू– १) श्याममान वज्राचार्य, २) चन्द्रमाया मानन्धर वटु, ३) चन्द्रशोभा कंशाकार, ४) अगम्य रत्न कंसाकार, ५) इन्द्रमान पुचः, ६) धर्मकीर्ति पुलां पुचः, ७) अनुपमा गुरुमां।

रु. १०० देखि ७२० सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– (१) नीलुप्पल गुरुमां, (२) हेरालानी तुलाधर, (३) हरीमाया महर्जन, (४) प्रभावती महर्जन ज्याठा, (५) गणेश कुमारी नर देवी, (६) संघरत्न, लक्ष्मीदेवी तुलाधर जमल, (७) अरूणावाला शाक्य, (८) रामहरी मुनीकार वनस्थली, (९) लक्ष्मी शोभा दिल्लीबजार, (१०) मोतीशोभा तुलाधर असन, (११) धनमाया सिंह मंगल, (१२) नानी शोभा तुलाधर असन, (१३) बेखा नारायण महर्जन असन, (१४) मुक्ति मानन्धर, (१५) पूण्य शाक्य, (१६) चैत्य माया लैनचौर, (१७) सुशीला कोहिटी, (१८) मचाकाजी जमल, (१९) विमला हीरा महाबौद्ध, (२०) देवमाया लाजिम्पाट, (२१) चिनी माया वज्राचार्य, (२२) हीरा शोभा तुलाधर, (२३) पूर्ण हीरा तुलाधर, (२४) दानदेवी तुलाधर असन, (२५) मिश्री जमल, (२६) पूण्यतारा, (२७) लक्ष्मी कोहिटी, (२८) शान्तिदेवी रविभवन, (२९) अष्ट लक्ष्मी क्वबहाल, (३०) मानिक लक्ष्मी, (३१) माहिली नानी त्यौड, (३२) अष्टदेवी मखन, (३३) विमला श्रेष्ठ, (३४) वेटीमाया मुनिकार, (३५) पूण्य देवी, (३६) दिलशोभा तुलाधर, (३७) विजयलक्ष्मी शाक्य, (३८) किरणदेवी शाक्य, (३९) वसुमाया, (४०) रुपकमल कंसाकार, (४१) मायादेवी परिवार, (४२) प्रतिमा मानन्धर, (४३) कमला वज्राचार्य, (४४) निलम तुलाधर फुलचौक, (४५) सानुनानी कंसाकार, (४६) जलक बहादुर ताम्राकार, (४७) ज्ञानदेवी श्रेष्ठाचार्य, (४८) रत्नदेवी, (४९) रुपशोभा, (५०) अमृतशोभा, (५१) तारा-शोभा, (५२) प्रतिमा, (५३) न्हुछे प्रभा, (५४) चिनीयामान अनार, (५५) लानीदेवी शिखाकार, (५६) रोशनी सिखाकार टेवहाल, (५७) दानकुमारी वज्राचार्य, (५८) जीवरत्न स्थापित, (५९) संतु महर्जन वटु, (६०) चंपा महर्जन, त्यौड, (६१) सुलक्षण कीर्ति विहार।

रू. १० देखि ५५ सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– (१) अमता महर्जन, (२) अष्टमाया वनस्थली, (३) शान्तमाया, (४) छोरी महर्जन, (५) सूर्यमाया असन, (६) अष्टमाया त्यौड, (७) चन्दनकुमारी महर्जन, (८) अनीर, (९) गंगा नकर्मी, (१०) ज्ञानी नयाँबजार, (११) तीर्थमाया त्यौड, (१२) पूर्णमाया प्रजापति ज्याठा, (१३) हरीमाया, (१४) पन्ना देवी तुलाधर, (१५) रूपा तुलाधर ठमेल, (१६) दीलमाया श्रेष्ठ, (१७) तुलसीमाया स्वयम्भू, (१८) विष्णुमाया स्वयम्भू, (१९) लक्ष्मी शोभा क्वावहा:, (२०) मैया नयाँबजार, (२१) आशा काजी, (२२) नानी महर्जन पकनाजोल, (२३) भीमदेवी शाक्य, (२४) नानी छोरी, (२५) लक्ष्मी नकर्मी, (२६) गणेश माया शाक्य, (२७) ज्ञानशोभा, (२८) अनीता श्रेष्ठ, (२९) बाबा मैत्रा, (३०) सुनीता, (३१) नानी शोभा, (३२) नारायण देवी, (३३) कृष्ण माया, (३४) केशरी आदि। दाता महानुभावहरूलाई गौतमी विहार परियत्ति शिक्षा केन्द्रले साधुवाद व्यक्त गरेको छ।

*३. दिपंकर परियत्ति शिक्षा केन्द्र, ललितपुर*

*२०६५ असार ४ गते बुधवार (ज्या: पुन्हि)*। दीपंकर परियत्ति शिक्षालयको वार्षिक उत्सव एवं बु.सं. २५५१ औं समूह दीपंकर परियत्ति शिक्षालय र आदर्श सरण माध्यामिक विद्यालय का उत्तिर्ण विद्यार्थीहरूलाई दिइने पुरस्कार वितरण समारोह ललितपुरको नागवहालमा सुसम्पन्न भएको समाचार छ।

नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञानको सभापतित्व एवं श्री मोतीलाल शिल्पकारको प्रमुख अतिथित्वमा भएको उक्त समारोहमा परियत्ति सद्धम्म पालक प्रथम वर्ष देखि परियत्ति सद्धम्म कोविद सम्मका जम्मा १४५ जना विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो। जस मध्ये परियत्ति सद्धम्म कोविद (१० कक्षा) मा वोर्ड प्रथम आउने मोनिस वज्राचार्यलाई विशेष पुरस्कार दिनुको साथै अनुभव पनि व्यक्त गराईएको थियो।

पञ्चशीलप्रार्थना एवं त्रिरत्न प्रार्थनाबाट शुरु भएको उक्त कार्यक्रममा श्रद्धेय सुजाता गुरुमांबाट स्वागत भाषण गरिएको थियो भने सुश्री विद्या शाक्यबाट प्रगति प्रतिवेदन र कोषाध्यक्ष हेराकाजी सुजिकाबाट आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। श्रद्धेय बोधिज्ञान भन्ते र गुरुमां अग्गञाणी 'धम्माचरिय' बाट परियत्ति शिक्षाको महत्वबारे प्रकाश पारिएको थियो। प्रमुख अतिथि श्री मोतिलाल शिल्पकारले परियत्ति शिक्षा विद्यार्थीहरूको निमित्त नैतिकवान एवं जिम्मेवारी व्यक्ति निर्माणको लागि नभई नहुने शिक्षा भएकोले प्रचार प्रसार गर्नुपर्छ भनी व्यक्त गर्नुभएको थियो।

सहकोषाध्यक्ष श्री बोधिरत्न रत्न शाक्य "पौषा" ले अक्षयकोषको लागि रु.१ लाखको चेक केन्द्राध्यक्ष सुश्री अमिता धाख्वा र कोषाध्यक्ष हेराकाजी सुजिकालाई हस्तान्तरण गरिएको थियो। श्रद्धेय बोधिज्ञान भन्ते, भिक्षु उदयभद्र र प्रमुख अतिथिबाट परियत्तिका शिक्षिका एवं विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो भने श्री हेराकाजी शाक्य, उपाध्यक्षबाट धन्यवाद ज्ञापन गरी अन्तमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

सुश्री रचना वज्राचार्य र मंगलदेवी शाक्यबाट संचालित उक्त कार्यक्रममा परियत्ति विद्यार्थीहरूबाट नाटक र मंगलसूत्र पाठ पनि प्रस्तुत गरिएको थियो। वार्षिक उत्सव एवं पुरस्कार वितरण कार्यक्रको निमित्त श्रद्धापूर्वक दान दिने दाताहरू हुन्–

रु. १००० देखि रु. ५००० सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– १. ललितपुर उप महानगरपालिका, २. श्री मोतिलाल शिल्पकार, ३. श्री नानीवेटी शाक्य, ४. श्री बेतिमाया शाक्य

रु १०० देखि रु. ५०० सम्म चन्दा प्रदान गर्नुहुने दाताहरू– १. श्री पुरुष रत्न शाक्य, २. श्री गणेश बहादुर, ३. श्री गुण ज्यास: पस:, ४. श्री बोधि रत्न शाक्य (पौषा), ५. श्री बोधि बज्र बज्राचार्य, ६. श्री मंगल उपासक, ७. श्री वसन्त मान शाक्य, ८. श्री अमिता धाख्वा, ९. श्री बुद्धरत्न धाख्वा, १०. श्री ज्ञानमाया शाक्य।

श्री बोधिरत्न शाक्य "पौषा" ले अक्षयकोषको रूपमा रु. १ लाख प्रदान गरिएको छ। हालसम्ममा अक्षयकोषमा जम्मा रु. १ लाख ५६ हजार रकम जम्मा भएको छ।

दाता महानुभावहरू सबैलाई दीपंकर परियत्ति शिक्षालयको तर्फबाट साधुवाद व्यक्त गर्दछौं।

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*०६५ ज्येष्ठ २९ गते*। स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल संधै झैं यसदिन ज्ञानमाला भजन प्रस्तुत भइसकेपछि धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई चार संवेजनीय र चार अविजहित स्थानहरूको विषयमा धर्मदेशना गर्नुभएको थियो। यसरी नै यसदिन स्व. उपासिका आशामाया कंसाकार क्षेत्रपाटीको पूण्य स्मृतिमा उहाँकी छोरी सानुनानी कंसाकार क्षेत्रपाटीले जलपानको व्यवस्था मिलाउनुभएको थियो।

गत बैशाख ३० गते सोमबार संचालित ५१ औं बुद्धपूजामा कार्यक्रमको आयव्यय विवरण प्राप्त भएनुसार यहाँ प्रस्तुत गरिएको छ–

**खर्च विवरण–**

मैत्री बोधिसत्त्व प्रतिमा – रु. १७५००/– (५ वटा)
मैत्री बोधिसत्त्व विराजमान आशन – रु. ३०००/– (५ वटा)
अभिनन्दन पत्र (फ्रेम सहित) – रु. ४,४००/–
फ्लेक्स – रु. ३,३००/–
स्टेशनरी – रु. २००/–
यातायात खर्च – रु. १०००/–
पाल राखेको ज्याला – रु. १०००/–
ध्वजापताका र खाता – रु. ६०००/–

**जलपान भोजन–**

(ग्रिन प्यालेस) – रु. ४०,०००/–
विदार रङ्गरोगन – रु. ५,१७०/–
फोटो तस्वीर – रु. २६,०००/–
त्रिपाल – रु. २,८००/–
जम्मा खर्च रकम रु. ८६,९७०/–
जम्मा दाता सहयोग रकम रु. ८६,९४५/–
बाँकी रकम रु. २५/–



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवयधम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमोसुखो



# मदुम्ह भाजु अमृतलाल रंजित

मजिपात

*जन्मदिं: १९८०/८/२८ – मदुगुदिं: २०६५/२/१९*

जिमि जहान दिवंगत अमृतलाल रंजितया निर्वाण कामना यासें दु:खद् इले जिमिगु हियुगु नुग: सिचुका बिसे विचा: हाय्कादीपिं सकलसित जिमिसं कृतज्ञता देछासें साधुवाद बियाच्वना ।

**जहान– मैया रंजित**

**केहें– चैतन्य देवी रंजित**

**काय्/भौ– मनिन्द्र लाल रंजित – जुनु रंजित**

**म्ह्याय्/जिलाजं– सुलोचना घिमिरे – तारानाथ घिमिरे**

**अंजली लामा – महेश लामा**

**आरती रंजित, शर्मिला रंजित**

**छ्य्पिं– मनिता रंजित, मन्जिता रंजित तथा सकल परिवार**

बा.अ.का.द.नं. - ७०/०४०/४१

# शुभकामना !



## श्रद्धेय भिक्षुणी धम्मवती

शासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित

धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रकाशक एवं विशेष सल्लाहकार
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी,
धर्मकीर्ति विहार संरक्षण कोष एवं धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनका अध्यक्ष
र
धर्मकीर्ति विहारका संस्थापिका

पूज्य भिक्षुणी धम्मवतीको ७४ औं वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा
उहाँले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको अतुलनिय योगदानलाई स्मरण गर्दै
उहाँको आध्यात्मिक शान्ति र आयु आरोग्य कामना गर्दछौं ।

- धर्मकीर्ति विहार संरक्षण कोष, - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
- धर्मकीर्ति मासिक पत्रिका, - धर्मकीर्ति स्वास्थ्य कमिटी
- धर्मकीर्ति शिक्षा सदन, - धर्मकीर्ति बौद्ध ज्ञामाला भजन
- अल्पकालिन प्रव्रज्या उपकमिटी, - अडियो भिजुयल उपकमिटी
- धर्मकीर्ति विहार परिवार

मुद्रक: न्यू नेपाल प्रेस [illegible]

Downloaded from http://www.dhamma.digital